# संगठन मंत्र



**संकलक । उदय पटवर्धन**

प्रभारी, मानव संसाधन विकास प्रकोष्ठ

भारतीय मजदूर संघ

राष्ट्रिय श्रमिक महासंघ नेपाल

गौरीघाट-८, काठमाडौं

# संगठन मंत्र

## अनुवादक

राष्ट्रिय श्रमिक महासंघ नेपाल
गौरीघाट-८, काठमाडौं

## दत्तोपंत ठेंगडी जीवन परिचय

नाम : दत्तात्रेय ठेंगडी

जन्म तिथी : १० नोव्हेंबर २९२०

जन्म स्थान : आर्वी, वर्धा (महाराष्ट्र)

शिक्षा : एम.ए.एल.एल.बी.

देहावसान : १४ अक्तुबर २००४

पुणे (महाराष्ट्र)

राष्ट्रिय स्वंसेवक संघको प्रचारक (१९४२ देखि आजीवन)

संस्थापक : भारतीय मजदूर संघ, भारतीय किसान संघ, सामाजिक समरसता मंच, सर्व पंथ समादर मंच, स्वदेशी जागरण मंच, पर्यावरण मंच

प्रारम्भ कर्ता : अखिल भारतीय अधिवक्ता परिषद्, भारतीय विचार केंद्र,

अखिल भारतीय ग्राहक पंचायत

पुस्तक लेखन : एकात्म मानव दर्शन विचार सूत्र, डॉ. बाबासाहेब अम्बेडकर लक्ष्य र कार्य, राष्ट्रिय श्रम दिवस, छत्रपती शिवाजी महाराज, एवं अन्य पुस्तकहरु

प्रमुख भाषण : 'द थर्ड वे', विश्व हिन्दू सम्मेलन, डरबन (द.अफ्रीका)

बीजिंग रेडियोद्धारा भाषण प्रसारण २८/४/१९८५

**प्रस्तावना**

कुनै पनि देशको नागरिक जति राष्ट्रभक्त हुन्छ त्यो देश त्यति नै विकसित र खुसहाल हुन्छ यसै सिद्धान्तलाई लिएर राष्ट्रिय श्रमिक महासंघ नेपालले श्रमिक हरुलाई सबभन्दा पहिला राष्ट्रभक्त हुनुपर्ने सन्देश दिएको छ। जून यस प्रकारको छ। राष्ट्र हित उद्योग हित र श्रमिक हित राष्ट्रिय श्रमिक महासंघको मूल सिद्धान्त हो ।

राष्ट्रिय श्रमिक महासंघ राष्ट्रभक्त श्रमिकहरुको संगठन हो। श्रमिकहरुको लागि श्रमिकहरुले बनाएको श्रमिक संगठन हो । हाम्रो संगठन सत्ता केन्द्रित होइन समाज परिवर्तन गर्ने काम हो सामाजिक संगठन समाजको शक्ति धर्म आधारित काम अर्थात धर्मको आधार मा समाजलाई खडा गर्नु हो ।

कुनै राजनितिक दलको Trans Mission Belt को रुपमा काम गर्ने होइन सरकारको साथ श्रमिक महासंघको सम्बन्ध प्रतियोगि सहकारिताको अर्थात् (Responsive Co-operation) को हुन्छ । सरकार श्रमिकहरुलाई जति सहयोग गर्छ श्रमिक त्यति नै सरकारलाई सहयोग गर्दछन । महासंघ मात्र रोजीरोटीको लागि मात्र नभइ यो सम्पूर्ण राष्ट्रपुर्ननिर्माणको एउटा काम हो । त्यसैले हामी भनेका छौं । हामी राजनीति गर्ने होइन । अपितु राष्ट्र नीतिमा विश्वास गर्दछौ । यो लोकनीति- लोकवृत्त-राष्ट्रनीति त्यसको हामी अंग हौ । त्यसैले हामी राष्ट्रनीतिको विचार गर्दछौ । सबै प्रकारको प्रभावबाट मुक्त जस्तैः मालिकको प्रभाव, सरकारको प्रभाव र व्यक्तिगत प्रभावबाट मुक्त अर्थात विसुद्ध Trade Union । राष्ट्रिय श्रमिक महासंघ नेपाल हो । आजको लोकतन्त्रमा राष्ट्रियता देशको विकास, लोकतन्त्रको रक्षा र शोषण मुक्त समाज निर्माण गर्नको लागि देशमा जनसंगठन, स्वतन्त्र जनसंगठन र शक्तिशाली जनसंगठन हुन आवश्यक हुन्छ ।

Trade Union को ३ रुप हुन्छ ।

१. पोलिटिकल ट्रेड युनियनिजम्-मात्र सत्ता प्राप्तिको लागि भोट बैंक,

२. इकोनोमिज्ज (मात्र ब्रेड बेटर अर्थात् रोजीरोटीको लागि मात्र,

३. राष्ट्रिय श्रमिक महासंघ *"जैन्युन ट्रेडयूनियनको कुरा गर्छ ।'*

*"दि वर्कर्स इन्ट्रेष्ट वि दिज प्रेम अफ नेसनल'* हामी राष्ट्रवादी हौं, जून देशको श्रमिक रोगी हुन्छ त्यो देश कहिल्यै निरोगी हुन सक्दैन । त्यसैले श्रमिक र राष्ट्र एउटा शरिरको अभिन्न अंग हुन । राष्ट्र पुर्ननिर्माणको साधनको रुपमा श्रमिकहरु हुन्छन । यस्ता श्रमिकहरुको लागि संगठन रुपी बट वृक्षको रुपमा राष्ट्रिय श्रमिक महासंघ र

त्यस्का कार्यकर्ताहरुको लागि संगठन मंत्र पुस्तकको रुपमा एउटा सानो प्रयास गर्न खोजिएको छ। कार्यकर्ताको आफ्नो स्वयंको संगठन हुन आवश्यक हुन्छ। जस्तै- व्यक्ति यानी शरिर, मन, बुद्धि र आत्मा यी सबैको आफैमा संगठीत हुनु धेरै आवश्यक हुन्छ। हिन्दू स्वयं सेवक संघ नेपालको सम्पूर्ण कार्यपद्धिमा "कार्यकर्ता' को महत्व सबै भन्दा बढी हुन्छ। संघको सबै शक्ति संघको कार्यकर्ताहरुमा हुन्छ। अर्थात कार्यकर्ताहरु नै संघ कार्यको आधार हो।

कार्यकर्ताको अधिष्ठान, व्यक्तित्व र व्यवहार यस विषयको विवेचना यस पुस्तकमा मा: दत्तोपंत ठेंगडीजीले गरर्नु भएको छ। कुनै पनि काम सम्पन्न गर्नको लागि भगवान श्रकृिष्णले भगवत गीतामा भन्नु भएको छ।

*अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम।*
*विविधाश्च पृथक्चेष्टा दैवं चैवात्र पचंमम॥ ८.१४*

संघकार्यको सम्बन्धमा जुन कुराको आवश्यक हुन्छ ति सबै कुराको विचार यस श्लोकमा गरिएको छ।

अधिष्ठानको अर्थ हुन्छ हामी संघको कार्यकर्ताहरुको ध्येय संकल्पको सैद्धान्तिक आधार। हाम्रो लक्ष्य के हो ? हामी के सिद्ध गर्न गइरहेका छौ ?

*"करणच पृथक् विद्यम्'* अर्थात हाम्रो भिन्न भिन्न प्रकारको साधन-माध्यम के हो ? *"पृथक चेष्टा'* को अर्थ हुन्छ। हामी हाम्रो साधन-माध्यम-पद्धतीको आधारमा अलग अलग कसरी प्रयास गर्छौ ? 'कर्ता' यो नै हाम्रो कार्यको साधक (साध्य गर्ने व्यक्ति) घटक, केन्द्र बिन्दू हो, त्यो हाम्रो माध्यम तथा प्रयासले कसरी विकसित हुन्छ ? र अन्तमा 'देवम' अर्थात इश्वरीय समर्थन, अनिमात्र यो कामको सिद्धी विश्वास हामीलाई प्राप्त हुन्छ। संगठन मंत्र पुस्तक संगठनको केही प्रमुख कार्यकर्ताहरुको अथक परिश्रमले एउटा सानो प्रयास गरिएको छ र देशको एक मात्र गैर राजनितिक श्रमिक संगठनको रुपमा श्रमिक क्षेत्रमा काम गरिरहेको राष्ट्रिय श्रमिक महासंघको तर्फबाट सम्पूर्ण कार्यकर्ता बन्धुहरुमा अनुरोध छ कि यो पुस्तकले सुर्यको प्रकाशको अगाडी एउटा दिपक झै केही मात्रामा प्रेरणा दिने छ भन्ने आशाका साथ यसमा केही त्रुटीहरु भएमा म व्यक्तिगत रुपमा स्वीकार गर्दै तपाईहरुमा सप्रेम भेट गर्दछु।

**गोपाल यादव**
**महासचिव**
**राष्ट्रिय श्रमिक महासंघ नेपाल**

# आत्मनो मोक्षार्थम् जगतम् हिताय च्

## अधिष्ठान

हिन्दू स्वयंसेवक संघका कार्यकर्ताहरु प्रतिदिन शाखामा मातृभूमि तथा परमात्मा दुवैलाई हृदयदेखि नै प्रार्थना गर्दछन् । विशाल संगठनको बलमा निर्माण भएको ध्येयनिष्ठ कार्यकर्ताहरुको कार्यशक्ति धर्म रक्षा गर्दै राष्ट्रलाई परमवैभवमा पुऱ्याउने यही नै यो प्रार्थनाको निचोड हो ।

संघ के हो ? संघको अधिष्ठान के हो ? अन्तिम गन्तव्य के हो भन्ने कुरा कार्यकर्ताहरुले जान्दछन्, तर काम गर्ने कार्यकर्ताहरु कुनै बन्द दराजमा वा ग्लास हाउसमा बस्दैनन् ।

सांसारिक व्यवहार निर्वाह गर्दै जनसम्पर्कको कारण मानसिकतामा केही शिथिलता आउँछ, त्यसलाई फेरि ठीक गर्नको लागि पटकपटक उपर्युक्त कुराहरुको स्मरण गराउँनु पर्छ । पहिलेको जमाना भन्दा अहिले प्रचारप्रसारको माध्यम निकै व्यापक र प्रभावकारी छ। त्यसको साथै स्वयंसेवक पनि प्रशस्त चिकित्सक बनेका छन् । प.पू. श्री गुरुजी भन्नु हुन्थ्यो, म अखबार पढ्दैनथे । भन्नुको भाव यो थियो कि वर परको गतिविधि देखि विचलित नभई काम गरिरहनु पर्छ । यो साँचो हो कि सबै जानकारी हुनु पर्दछ । तर यी सबैको प्रभाव आफ्नो कार्य माथि पर्दछ । यो सोच कार्यकर्ताहरुको मनमा जब भ्रम पैदा हुन्छ, तब मन विचलित हुन्छ । आफ्नो कार्य परिस्थिति निरपेक्ष छ । यो हाम्रो मूलभुत सिद्धान्तलाई कसरी बिर्सन सक्छौं ?

वायुमण्डल अनुकूल होस् वा प्रतिकूल आफ्नो कार्य निरन्तर चलिरहने छ । सबैको मन चञ्चल हुन्छ । त्यसकारण मनलाई नियन्त्रण गरेर कार्यमा संलग्न रही रहने दृढ संकल्प तब हुनसक्छ जब अधिष्ठान र कार्यपद्धतिको सूत्र बारम्बार स्मरण गरिरहनु पर्छ ।

संघको काम ध्येय संकल्पनाको आधारमा तयार हुन्छ । निजी स्वार्थले भरिएका अन्य संगठनहरुमा पनि निष्ठा एवं अनुशासन पनि हुन्छ तर निहित स्वार्थ संकीर्णतामा बाँधिएको टोलीमा सीमित रहन्छ । तर संघको व्यापक ध्येय संकल्पनाको केही

अधिष्ठान छ। त्यो अधिष्ठान के हो ? पश्चिममा अधिष्ठान संकल्पना नहुनाको कारणले तिनीहरु 'आयडीयालॉजी' शब्दको प्रयोग गर्दछन्।

अधिष्ठानको अर्थ हुन्छ-संगठनको प्रेरणा। त्यसको ध्येय संकल्पना, ध्येयपूर्ति गराउँने ऊर्जास्रोत तथा त्यसको अन्तिम गन्तव्य।

यो अधिष्ठानको प्रकाशमा संगठनको विकास हुन्छ र क्रियाकलापबाट यो प्रकट हुन्छ। सबै संगठन मनुष्यद्वारा चल्दछन्। यसकारण पहिले नै यो सोचौं कि मनुष्य जीवनको उद्देश्य के हो ? 'एलिस इन ओन्डर ल्यान्ड' नामको कथामा र एलिस बिरालोसँग आफ्नो घर जाने बाटो सोच्छिन् तर उसलाई चाहना थिएन। यस्तै गरी मनुष्य जीवनको गन्तव्य के हो भन्ने कुरा थाहा भएमा त्यहाँसम्म पुग्ने बाटो पनि निर्क्योल हुन्छ। श्रेष्ठ मानिसहरुले जीवनको लक्ष्य भौतिकवादी एवं अभौतिकवादी दुबै दृष्टिकोणले हेर्दछन्। तर समग्रतामा सबै विचारहरुको एउटै सूत्र छ।

सबै जना भन्छन्- जीवनको लक्ष्य सुख नै हो। पश्चिमी मानिसहरुको विचार ईहवादी छ। दुई हजार वर्ष पहिले 'डेमाक्रिटस्' ले ईहवादी चिन्तनको प्रारम्भ गरे। त्यो भन्दा नै पहिले बृहस्पतिले 'असतो सत् अजायत्' को सूत्रपात गरे। हाम्रा यहाँका आचार्य चार्वाकले भनेका छन् कि-'भस्म भूतदेह' फर्केर आउँदैन, त्यसकारण उपलब्धपूर्ण जीवन सुखले बिताऊँ। उनले रुवायीयोमा लेखेका छन् कि-जसरी गुलाबको फूल सुकेर जान्छ, त्यो सँगै वसन्त ऋतु पनि सुक्दछ, यस ऋतुमा लताकुंज झाँगिन्छ, बुलबुल चराहरु पनि आउँन थाल्दछन् र पछि छोडेर पनि जान्छन्। जीवन बगिरहेको छ तथा तिब्रवेगमा समय बितिरहेको छ। जीवनरुपी फुल एक पटक फक्रिन्छ र पछि सदाको लागि समाप्त हुन्छ। त्यसकारण भौतिक वादिहरुको(ईहवादी) भनाई छ कि-उपभोगबाट सुख मिल्छ। इन्द्रियहरुलाई जे अनुकूल लाग्दछ त्यो सुख हो। जुन कुरा प्रतिकूल लाग्दछ त्यो दुःख हो। मनमा उब्जिएका इच्छाहरु मध्ये जति औसतरुपमा पूर्ति हुन्छ, त्यही सुखको औसत हो। हाम्रो यहाँ मान्यता छ कि-आहार, निद्रा तथा भय मैथुनको सुखको प्रेरणा पशुजातिमा पनि हुन्छ। त्यसकारण मनुष्यको सुख जनावरहरुको जस्तो नभई त्यो भन्दा भिन्न हुनसक्दछ। मानिसहरुले इन्द्रियजन्य सुखलाई नजिकबाट देखेका छन। जिब्रोलाई लालमोहन स्वादिलो लाग्छ तर बीस-तीसवटा खाए पछि त्यही लालमोहन खान

मानिसलाई अमन हुन्छ। यस्तो इन्द्रियजन्य इच्छाको एक सीमा हुन्छ। श्रीमद्‌भगवत गीताको (३८/१८ श्लोकमा) लेखिएको छ कि-प्रारम्भमा अमृत समान सुखको आभास परिणाममा विष समान हुन्छ। त्यसकारण त्यसवाट टाडै रहनु भन्ने सन्देश भगवानले अर्जुनलाई दिएका छन्। फेरि ययाती भन्नुहुन्छ, हामी जीर्ण भएका छौं। तैपनि हाम्रो इच्छामा कमी भएको छैन तथा त्यस्तै इन्द्रियजन्य तिर्खा उस्तै छ। गजनी मोहमदले पूरै जीवन भरी सम्पत्तीको भण्डार जम्मा गऱ्यो तर मर्ने समय रुँदै उसले सोध्यो कि यो सारा सम्पत्ति अव यही छोड्नुपर्छ। यो कस्तो सुख हो ? पश्चिमी समाजमा अरवपति-करोडपति मानिसहरुको जीवन दुःखदायी छ। मानिसहरु भन्दछन- हाम्रो ब्याङ्क ब्यालेन्स तथा हाम्रो जीविका चलिरहेकै छ। तर हाम्रो चिन्ता कसैलाई छैन, हामी अनुवानटेड(नचाहने) छौं।

विश्वका प्रसिद्ध पूँजीपति हेनरीफोर्डको नाती अब इस्कोन आन्दोलनको अनुयायी बने। उनी सन् १९८०मा भारत आएका थिए। उनले भने-यो मेरो सम्पत्ति भगवान श्रीकृष्णको हो। रुसको तानासाह इस्टालिनको छोरी स्वेत लाना हिन्दुस्तानमा आएर गंगाको किनारमा कुटी बनाएर शान्तिसँग आफ्नो जीवन बिताउँन चाहान्थिन्। भौतिक दृष्टिले यी दुईसँग कुन कुराको कमी थियो र ? गोस्वामी तुलसी दासले लेख्नुभएको छ कि-ओछ्यान मिलाउँदा मिलाउँदा रात बित्यो र सुत्ने मौकै मिलेन। लियोटालस्टॉय रुसका विख्यात उपन्यासकार थिए, उनले सुप्रसिद्ध कथा लेखे,जसमा मानिसलाई सम्वोधन गरेका थिएकी-बिहान देखि साँझ सम्म जति जमिनमा दौड लगाउन सक्छौं, त्यति तिमीलाई मिल्नेछ। धेरै भन्दा धेरै जमिन प्राप्त गर्ने इच्छामा दिनभरी स्वाँ-स्वाँ गर्दै दौडदा-दौड्दै साँझ पख भयो। त्यस पछि केवल साडे तीन जग जमिनमा उसको अन्त्येष्टि भयो। टॉल्सटाय भन्छन् -मानिसलाई साडे तीन गज जमीन आवश्यक छ। जसले भौतिक सुखको सेवक गरेका छन ति सबै पूर्णरुपेण सुखी छैनन्। यी केही नकारात्मक उदाहरण हुन। मतलब यो हो कि उपभोगको निम्ति सबै लागि परे तर सुख मिलेन। तर यस्ता पनि उदाहरण छन् कि समाज प्रति आत्मीयताको कारण व्यक्तिहरुको मनमा त्यागको सकारात्मक अवधारणा पैदा हुन्छ।जस्तै युरोपको विख्यात मिसनरी फादर-डेनियल(वेल्जिएम)ले आफ्नो जिन्दगी कोडीहरुको सेवामा लगाए। युरोपका देशहरुमा फिवर(ज्वरो)को महामारी देखेर वैज्ञानिक बनेका जेन्नरले त्यसको औषधी खोजे तर अन्य जनप्रयोगमा

बाँधा नपरोस भनेर त्यसको प्रयोग स्वयं माथि गरे । गौतम बुद्ध सिद्धार्थ सम्राट भएर पनि राजमहल र सारा सुख सयल छोडेर ज्ञानको खोजिमा निक्लिए । मनुष्यलाई ठोस, परिपूर्ण,निरामय, निरन्तर एवं अखण्ड सुख या आनन्द सहजरुपमा मिल्दैन। इन्द्रिय भन्दा पर बसेको मन, बुद्धि, द्वारा प्राप्त आनन्द सायद यस प्रकार को हुनसक्छ, यस्तो सुखको जब आभास हुन्छ-तब आर्कीमिडिजले लुगा लगाउँनै भुले। न्यूटनले खाना खानै भुले। बज्र बनाउनको लागि दधिची ऋषिले शरीर नै गलाए । राजा शिवीले आफ्नो शरीर नै अर्पण गरे । आफ्ना मान्यताको निम्ति सुकरात(सॉक्रेटीस)ले विष पान गरे । जसले सुखको खोजको निम्ति संघर्ष गरे, जीवनलाई दाउमा लगाए, यस्ता जिजस,कोकर निकस, ग्यालिलियो, केपलर, आइनस्टिन, धर्मवीर सम्भाजी, राम प्र.बिस्मील आदि कयौं यस्ता नाम छन। आम मानिसहरुलाई पनि यस्ता प्रेरणा जागृत हुन्छ। नत्र गरिब आमा आफ्ना छोरा-छोरीको निम्ति भोकै किन बस्थिन र नफार कुन्डुनामको मजदुरले ड्रेनजको मेनहोलमा एकजना सानो बच्चा खसेको देख्यो। तत्काल नफ़ार तल ओर्लेर बालकलाई बचाए तर विषालु वायुका कारण निसासिएर उनको ज्यान गयो । यसरी आफ्नो जीवन दाउमा लगाउने यो कस्तो प्रेरणा हो। केवल भौतिक सुख नै सुख होइन। त्यो भन्दा पनि उच्च लक्ष्य छ, त्यसैले मानिस बाँच्दछन् र मर्दछन् पनि। यही सत्यलाई यो विवेचनाले उजागर गरेको छ ।

जीवनमा यो अनुभव हुन्छ कि उपभोगको कमी वा अभावबाट पनि समाज माथि बोझ पर्छ। यस प्रकारले धनको अभाव र प्रभाव दुवै दुःखदायिक हुन्छ। कामको अभाव वा प्रभाव पनि यस प्रकारले दुखदायी हुन्छ। यदि धर्मचक्र ठीक प्रकारले चल्यो भने अर्थ र कामको सुनियन्त्रित योजना बन्दछ तथा पूरा समाज त्यसको अनुभव गर्नसक्छ। कैशानोव्हा र ययातिको जसरी अमर्यादित उपभोग ठीक छैन। नदीहरुमा पानी अविरल बगेर पनि आफ्नो मर्यादा-समुन्द्रले छोड्दैन, त्यसै गरी हामीले पनि सन्तुलित हुनुपर्छ। यो हाम्रो संस्कृतिको मान्यता हो ।

आफ्नो संस्कृतिको त्याग जीवनमूल्य भएको हो । जुन समाजको उपभोग नै जीवनमूल्य भएको छ, त्यो समाज सुखी भएको देखिदैन। आफ्नो जीवन त्याग पूर्ण बनाएर अर्कालाई सुखी बनाउनु अर्थात त्यागमा आनन्दको अनुभव गर्नु यही चिर

-स्थाई सुख समाजलाई प्रदान गर्नु हो। भोलि पाइने लाभको लागि आज त्याग गर्नु कुनै सही त्यागको भावना होइन। यो त जीवन मूल्य नै बनि रहनु पर्छ। त्याग गर्नाले हरेक व्यक्ति सुखी हुनेछ। यस्तो गणित यस प्रतिपादनबाट उब्जदैन। सबैको जीवन रचयिता नै यस प्रकार त्यागपूर्ण हुनुपर्छ भन्ने कुराको अर्थ निस्कन्छ। कुनै कुनै अवसरमा यत्र-तत्र अतिरिक्त लाभको अपेक्षा राखेर गरिएको यो कार्य होइन, किन भने जीवन मूल्यको प्रेरणा स्वार्थ होइन। व्यक्तिको स्तर जब माथि उठ्छ, त्यस्तै गरि अर्काको सुख देखेर मनमा मित्रता वा आनन्दको भाव सहजरुपले उब्जन्छ।पुण्य/राम्रो काम/सेवा देखेर आनन्दको भाव अनुभूति हुन्छ। मनुष्य जब धर्म प्रवण,समाजप्रति समर्पित,विश्व समर्पित अथवा ब्रह्म समर्पित रहन्छ, तब यो भाव प्रस्फुटन हुन्छ।कुकुरले रोटी चोर्दा नामदेव घ्युको कचौरी लिएर पछि पछि दौडिए। सन्त एकनाथले छट्पटिदैं गरेको गदाहालाई गंगाजल पियाए, यी केही उदाहरण हुन। पश्चिमी समाजमा पनि यस प्रकारका केही मानसिकता देखिन्छ। अमेरिकी राष्ट्राध्यक्ष अब्राहम लिंकनले आफ्नो घोडा गाडीबाट ओर्लेर हिलोमा फसेको सुँगुरको बच्चालाई निकाले। पूरै विश्व सुखको कामना नै मोक्ष मान्दछ,जसबाट चिरन्तर-निरन्तर घनीभूत यस्तो घनीभूत आनन्दमय जीवन प्राप्त हुन्छ। आफ्नो क्षमता अनुसार जीवनको मार्गक्रमण,जसमा अर्थ र कामको अभाव नहोस् यस्तो समाज रचना जसमा व्यक्ति-मानस धर्म प्रवण होस् यस्तो एकात्म रचनामा त्यागमय जीवन मूल्य रहँदा निरन्तर सुख प्रवाहित हुन्छ। धर्मको निन्दा गर्नेहरुको मन पनि अध्ययन पछि बदलियो। उनी लेख्छन् हामी यो न भूलौकि- हाम्रो अपरिहार्य उद्दिष्ट त व्यक्ति जीवनको गुणवत्ताको विकास र त्यसको आधारभूत धर्म संकल्पना हो। डा.अम्वेडकरले पनि भनेका छन कि- समाज विज्ञानको आधार धर्म हो। जब जनमानस धर्म प्रवण हुन्छ, तब युगधर्मानुकूल व्यवस्थाको निर्माण हुनेछ।

अब यसमा धर्म प्रवण व्यक्तिमानस तथा धर्माधिष्ठित समाज रचनाको प्राथमिक महती उजागर हुन्छ, जुन राष्ट्रिय पुर्ननिर्माण वाहेक सम्भव छैन। जसलाई हामीले हिन्दूराष्ट्र भनेका छौं, त्यो समुच्च विश्वको मानव धर्मको चिन्तनको नै अर्को शब्दमा प्रतिपादन हो। जसरी वनस्पति घ्युको निर्माण पछि देशी घ्युं शब्दको प्रयोग सुरु भयो, किनभने त्यो भन्दा पहिले त कुनै पनि घ्युं थियो जुन घ्युं पनि शुद्ध घ्युको रुपमा बुझिन्थ्यो।

जो तरवारको धारमा आफ्नो पहिचान राख्न चाहन्थे उनीहरुले सिन्धु तटवासी मानिसहरुलाई हिन्दू नामबाट सम्बोधन गरे, त्यसकारण आफ्नो विश्वकल्याणमा राष्ट्रवादलाई पनि हामीले हिन्दुराष्ट्रवाद बाट सम्बोधित गर्नु परेको छ।

जर्मन मानिसहरुको जर्मनत्व, अंग्रेजहरुको इंलिसकत्व छ,त्यसैगरी ईसाइत्व आदि प्रचलित शब्द छन्, त्यसकारण हामी पनि हिन्दूत्व शब्दको प्रयोग गर्दछौं। वास्तवमा हामी विश्व मानव नै हौं। राष्ट्रको सीमा बनेको छ,त्यसैकारण राष्ट्रको विचार छ। नत्र आफ्नो मूल प्रार्थना सर्वे सन्तु निरामया हो। पसायदान हाम्रो मेनिफिस्टो' हो। सबै उपासना पद्धतिहरु हामीलाई स्वीकृत छ । तर यदि कोही यो भनुन कि प्रभुको साक्षात्कार केवल जिजसद्वारा हुन सक्छ भन्ने त्यो संकुचित विचार हो। साक्षात्कार केवल मोहमद बाट हुनसक्छ यो पनि संकुचित प्रतिपादन हो । हाम्रो आफ्नो प्रतिपादन त सबैलाई मान्यता दिनु हो। बसुधैव कुटुम्वकम् ।

सबै उपासना पद्धति हामीलाई स्वीकार छ। हाम्रो ध्येय वैश्विक छ। केवल 'बेस अफ अप्रेसन' जुन अति आवश्यक छ, त्यसलाई हामीले हिन्दुभूमि मानेका छौं। जब सम्म सबैको आत्म उन्नति हुँदैन तबसम्म देशको सिमाना र धार्मिक उपचारको बन्दनलाई हामीले समर्थन गरेका छौं । तर धर्म देश आदि संकल्पना विश्व कल्याणको सन्दर्भमा हामीद्वारा प्रतिपादित छ। अर्नोल्ड टायनबी प्रख्यात इतिहास विज्ञ तथा विचारकले भनेका छन कि दुनियाँमा स्वस्थ सम्पन्न मानवी समाजको विकासको लागि एउटा नमुना जगत गुरुको नाता हामी उपलब्ध गराउँन सक्छौं। देशको कल्याण नै विश्वलाई मार्ग प्रदान गर्ने छ, तर कमजोर र समाजलाई कसैले टेर्दैन। त्यसकारण आफ्नो राष्ट्रलाई सामर्थ्य सम्पन्न बनाउँनु यो आफ्नो कामको 'स्ट्राटेजी' हो। प.पू.श्री गुरुजीले भन्नु भएको छ कि भूतलको सानो भन्दा पनि सानो हरेक जीवन चैतन्यको विशेषताले पूर्ण तथा मुक्त विकासको अवसर मिलोस यो हिन्दू विचार हो। यदि कोहि वैश्विक ध्येय प्रति हुन सक्छ भने त्यो हिन्दू विचार नै हो । हाम्रा ऋषि-मुनीहरुले जुन ध्येय बताउँनु भएको छ,त्यो द्विआयामी हो । आत्मनो मोक्षाय्,-अर्थात व्यक्ति यस नाताले स्वयं परम सुख या मोक्ष र समाज संगठनको माध्यमद्वारा विश्वकल्याण गर्नु हो । यी दुई शब्द अलग-अलग कुरा नभई एक अर्काका पूरक हुन । जबसम्म संसारका अन्य जीव दुःखी रहन्छन्-

तबसम्म मलाई पनि परम सुख चाहिंदैन । यहांसम्म मनुष्यको उन्नयन हुन्छ । स्वामी विवेकानन्द जीले भन्नु भएको छ -जबसम्म यो देशमा कुकुर पनि भोकै र हन्छ भने त्यो मोक्षको कामना पनि छैन ।

पश्चिमका व्यक्तिहरुको आपसी सम्बन्ध एवं उनीहरुको समाज रचना हामीहरुको सोच भन्दा बिलकुल फरक छ । समाज रचनाको मूलभूत एकाइ व्यक्ति हो । तर समाज रचना एक क्लब जस्तै हो । आफ्नो एक्लोपनले त्यो पूरा सुख प्राप्ति गर्न सक्दैन । यसैले उसलाई समाज चाहियो । तास खेल्नको लागि पनि कुनै साथी चाहियो । यसैले त्यो क्लबमा प्रवेश गर्दछ । मेरो मनोरञ्जन भयो । सुविधा मिल्यो यसको बदलामा मैले क्लबलाई फिस दिनुपर्छ । यस प्रकारले सोसल उहांको छ । त्यसको पछि अतिरिक्त व्यक्तिवाद प्रेरणा बनेको छ । यसकारण लोकतन्त्रमा व्यक्ति र समाज यसमा मुलगामि द्वन्द मानियो । व्यक्तिवाद हावी भएको कारण सबलताको आधारमा आफ्नो निजी हित सम्बन्धहरुलाई बढाउनको लागि दुर्बल समाजलाई शोषण गर्नुपनि यस रचनामा अनुचित हो । यसको प्रतिक्रियामा मार्क्सवादी विचारधाराको निर्माण भयो । हामी समाजका व्यक्तिको शरीर जस्तै सम्फिन्छौं र यसको लागि सबै समाजमा अङगाङगी भाव बनिरहन्छ । पश्चिमको स्वतन्त्रता र समताको रक्षा केवल बन्धुत्वले नै गर्नसक्छ । सर्वम् खलविदम् ब्रत्मम् हुनुको कारणले पिठो र रोटी अथवा सुत्नु र गहना यसको मूल तत्व एकै हुन्छ । पश्चिममा मानवी मनको दुई विद्या मानिएको छ । र सोचको पनि त्यसमा परिवर्तन ल्याउनको लागि संस्कारहरुको आवश्यक छैन । सामाजिक आर्थिक व्यवस्थाको जरो बलियो भएपछि समाज रचना भित्रको संस्कार आफैं आउंदछ । यस रचनामा जनता निष्कृय रहन्छन । सरकारले कानुन बनाउंछ । साम्यवादमा पनि यही भनिएको छ । सब सरकारले गर्दछ । पश्चिमी व्यवस्थामा सामाजिक परिवर्तन सत्ताद्वारा अभिप्रेरित हुन्छ । सत्ताले मान्छेलाई भ्रष्ट बनाउंछ । त्यसले के परिवर्तन ल्याउछ र ? राष्ट्र र राज्य यसको सुक्ष्म भेद जान्नेवालाले जान्छ कि राज्य बनाएर राष्ट्र हुनसक्दैन । जर्मन खण्डित भयो त्यस्तै कोरिया पनि खण्डित भयो । तर राज्य अलग हुनाले राष्ट्र बन्न सक्दैन र अन्तिममा पर्खाल भत्कन्छ । त्यसै प्रकारले बलजफ्ती एकरित ल्याएर राष्ट्र पनि सोभियत टुटेपछि निजि राष्ट्रियताको आधारमा अलग भयो ।

बंगाल देश पनि यस्तै नै अलग भएको हो। १९४७ पछि हाम्रो आफूभन्दा माथि उठाउन वि.सं. २०४६ पछि हाम्रो राजनीतिक नेतृत्वको यस्तो धारणा बन्यो कि परिवर्तन सत्ताबाट हुन्छ। तर मानिसलाई स्व बाट माथि उठ्न सत्ताबाट सम्भव कहाँ छ ?

जुन संगठनहरु द्वारा स्वायत्त रचना समाजमा बन्नेछ र व्यवस्था राज्यसत्ता केन्द्रित रहनेछैन यस्तो भएमा आफ्नो संस्कृतिभित्रको मनुष्यलाई आफूमाथि उठाउने क्षमता बन्नसक्छ। शासनद्वारा मात्र प्रजा नरञ्जन हुनसक्छन्। प्रजालाई नियन्त्रण होइन। यसैले सत्ताको सामाजिक स्थान सीमित छ। फेरि जसलाई सत्ता नै चाहियो उसलाई न दलको फिक्री छ न राष्ट्रको यस्तो अवस्थामा सचेत राष्ट्रवादी संगठन बैकल्पिक काम गर्नेछ तब सत्ता जनतालाई भलो गर्नसक्छ। १९३६ को लखनउ कांग्रेसमा गान्धी जी ले किसान सभा एवं मजदुर महाजनलाई सत्ता देखि अलग र खे प्रजा समाजवादी पार्टी बनाउँदा लोहियाजीले भने कि हिन्द मजदुर सभा पार्टीको हिस्सा बन्ने छ। कृपलानीले लोहियाको विरोध गरिन्।

### समाजको राजनैतिक नेतृत्व

यतिवर्ग आचार्य कुल, ऋषी संस्था इत्यादी तथा विभिन्न वर्गको हितको समझदारी तथा उचित सम्वन्ध बनाउने क्षमता राख्नेवाला, सम्यक दृष्टिवान् व्यक्ति समाजको निःस्वार्थ नेतृत्व प्रदान गर्नसक्दछ। राजनेता कसलाई याद छ ? जि झस र सिझर दुइटै लगभग समकालीन थिए। अब जिझसलाई कति धेरै व्यक्तिले जान्दछन् ? ऋषी कुलको अपमान राजा नहुशले गरे। अगस्ती मुनीले नहुषलाई हटाए। यस प्रकारले व्यक्तिगत नैतिक नेता समाजमा बन्न सक्छन्। तर उनीहरु शक्तिहीन भएको पाइन्छ। नैतिक नेतृत्व यसैले सामूहिक चाहियो र त्यो राष्ट्रिय चेतनाको आधार बनोस् तब उसमा हटाउन सक्ने शक्ति रहन्छ। राज सत्ताको अगाडि गान्धी जी र जयप्रकाश बिचपनि यस्तै हलचल बनेको थियो। केही यस्तो रचना अलग बन्दछ कि जहाँ तल चेतना मृत्यु समान हुन्छ। माथि नैतिकवान् नेतृत्व रहन्छ। रचनामा कार्य गर्नेवाला मुल्याधिस्ठीत हुनुपर्दछ। बिचमा राग सत्ता रहोस् त राज सत्ता ठीक चल्नेछ। व्यवस्था मूल्याधिष्ठीत बनि रहनेछ। यस्तोमा धर्माधिष्ठीत समाजको निर्माण हुन्छ। यसको लागि आयामको जरुरत छ। एक हो, व्यक्ति

निर्माण र दोस्रो हो, धर्माधिष्ठीत समाजको निर्माण। व्यक्तिलाई संस्कारित बनाउने काम होस्। यस्तो संस्कारित व्यक्ति समाजको विभिन्न घटकहरुको जनसंगठन गर्नेछन्। व्यक्तिहरु धर्माधिस्ठीत हुँदै जानेछन् त्यस्तै समाज रचनापनि धर्माधिष्ठीत हुदै जानेछ। राष्ट्रको पुनर्निर्माण हुन्छ। यसमा सत्ता प्राप्तिको कुनै प्रयास हुँदैन। प.पू.श्री गुरुजीले यस सन्दर्भमा भन्नु भएको छ कि हामीमा सत्ता प्राप्तिको झुटो आरोप लगाइएको छ। लामखुट्टे मार्नका लागि हामीले हातमा गदा लिएर चलि रहेका छौं यस्तो यसबाट प्रतित हुन्छ जुन दुखको कुरा हो। संकल्प कुनै नयाँ होइन। सत्ता केन्द्रित जति पनि बने उनी सबैले पुरानो राष्ट्रलाई तोडेका हुन् तर भारत टुटेन राजा/सुल्तान/गर्भनर आए गए तर हाम्रो पुरातन राष्ट्रको मार्ग क्रमश अक्षय छ। कवि मोहमद इरुवालले बयान गरेका थिए। कुच बात हे कि हस्ती मिटनि नै हमारि। गितामा भगवानले कार्यको यसस्वितामा जुन प्रमुख पाँच सुत्र बताए उसमा अधिस्ठान यो सबैभन्दा पहिले महत्वपूर्ण सूत्र हो। यस्तो अधिष्ठान निर्दोष प्रबंल तथा सही दिशामा अग्रसर हुनुको कारण हाम्रो राष्ट्र सदियौं देखि बराबर चलिआएको छ। यो आफ्नो संगठनको सत्य सिद्धान्त हो।

सत्य सिद्धान्तको विजय निश्चित हुन्छ। किनकी त्यसमा अन्तर विरोध हुँदैन। मजहबको आधारमा पाकिस्तान राष्ट्र बन्यो तर त्यो सिद्धान्त असत्य हो। ४० वर्षपछि जी एम सईदले भनेकि यो गल्ती भयो। इस्टालिनको जीवन कालमा कम्युनिष्टहरुको धेरै बोलचाल थियो। हेर्दा हेर्दै त्यो सबै समाप्त भयो। साम्यवादको नाममा साझा मोर्चा बनाउने वाला कयौं बामपंथी देश एक अर्काको खिलाफमा आज उभिएका छन्। नेपालका बाम्पन्थी आज कयौं टुक्राहरुमा बाँडिएका छन्। जुन तत्वज्ञान र संस्थाहरु अथवा रचनाहरु असत्य सिद्धान्तमा हुने गर्दछन् त्यो टिक्नेवाला छैन। परिस्थितिवस कहिले काम अगाडि बढ्दछ अथवा पछाडि हट्दछ त्यो देखिने छ तर सत्य सिद्धान्तको विजय अन्तिम हुनेछ।

भगवान श्री कृष्णले भन्नु भएको छ कि जब जब धर्ममा गलानी आउँछ तब तब मेरो अवतार हुने छ। यसको मतलब हो कि धर्म त्यही हो। तर बिच बिचमा ग्लानी आउने गर्छ त्यो पछि ठीक पनि हुन्छ। बारम्बार अवतार धारण गर्नुको कुरापनि भगवानले भन्नु भएको छ। जस्तै सुर्य देवता अखण्ड प्रकाश मान्छन् तर कहिले

देखिन्छन् कहिले देखिदैनन् । अधिष्ठानको बारेमा सही धारणा बनि रह्यो तब यो गलानी आफैं पछाडी छुट्ने छ। तपस्याको कमी गलानीको एक कारण बन्दछ। फल प्राप्त गर्नको लागि सत्य सिद्धान्त भएपनि केहि समय पर्खनु पर्दछ । फल प्राप्तिको एक कारण हुन्छ। हतारमा अवार्शन हुन्छ। यदि नेहरुज्यूले थोरै पर्खन्थे त भारत अरु अखण्ड रहन्थ्यो। हतखंडेबाजी चलाखीले महान कार्य हुदैन र हामीलाई त पुरै देशको राष्ट्रिय जन चेतना जगाउने कार्य गर्नु छ । यसमा धैर्य गर्नु जरुरी छ। पत्थर तोड्नु छ त पाँच दश हतौडा मार्नाले केही हुनेवाला छैन । १०० चोटी हान्नाले सायद त्यो फुट्न सक्छ। एक चतुर व्यक्तिले भनेका छन् कि यदि जान्दछौं त सयौं हतौडा पहिले नै मारिदिन्थे । यति दुःख उठाउन के आवश्यक छ ? यस्तो अपर्भ्रंटको यो काम होइन। अंग्रेज सत्ताको खिलाफ स्वतन्त्रता सेनानी एवं क्रान्ति कारक उहाँहरुले आफ्नो निजी जिवनलाई समाजको लागि समर्पित गरे र जुन आर्दश अगाडि नजिक-नजिक प्रस्तुत गरे त्यसको परिणाम स्वरुप समाजको राष्ट्रिय चेतनाको केही मात्रामा जागरण भएको छ। अब त्यो दौड पुनरावृत्ति हुदै छ । जाति, भाषा , प्रान्त, व्यक्तिवाद, इङ्गवाद एवं आर्थिक बिसमताको कारण विघटन धेरै बढेको छ । प्रवाहको विरोधमा तैरिन जरुरी छ । फेरि पूरै समाजलाई जोड्नुछ। यसैले कार्य अति व्यापक छ। समाजलाई युगानुकुल संस्कार प्रणालीहरु दिनु यो काम हो ।

अधिष्ठानमा श्रद्धा राख्दै धैर्यताले काम गर्दै रहनु पर्छ। मनुष्य जिवनको साफल्यता आफ्नो संस्कृति देखि लिएर नै आफ्नो कार्यको अधिष्ठान। "आत्मनो मोक्षार्थ जगत हिताय च" हामी निधो गरेका छौं । "सर्वेपि सुखिनः सन्तु" यो महान ध्येय हाम्रो साम्‍ु छ। धर्मप्रवण व्यक्तिमानस एवं धर्माधिस्ठीत मानव समाज यो हाम्रो गन्तव्य हो। धर्म स्थापनाको यस काममा बारम्बार भगवानको आशिष प्राप्त हुनेछ। जसले विश्वको अखण्ड सुख प्राप्त हुनेछ। यसमा हाम्रो पुर्ण विश्वास छ। यसको बेस आफै आप्रेशनको नाताले यस राष्ट्रलाई परम वैभव सम्म लिएर जानु यो हाम्रो मार्ग हो । यसको पहिलो शर्त छ। विजयशाली बन्नेवाला हाम्रो संगठित शक्ति र यस कामलाई आत्मसात् जगत हितको लागि गर्नु छ। किनकी काम भगवानको हो। यसैले कार्य विश्व विजयी बनेर आफ्नो सिद्धान्तको पताका हिमालयको चोटीमा फरफराउने छ। यो हामीलाई विश्वास छ ।

**आफ्नो कार्यपद्धति:-**

- हाम्रो अधिष्ठान अर्थात आफ्नो कार्य जग ।
- यहिदेखि आफ्नो चिन्तनको प्रकाशमा हाम्रो कार्यपद्धतिको निर्माण गर्दै लक्ष्य सम्म पुग्न पर्दछ ।
- कार्यको मानसिकता र रचनाको साथ साथै आफ्नो चिन्तनलाई आचरणमा लिएर यस्तो कार्यपद्धति हामीले तयार गरेका छौं ।
- कुनैपनि ठुलो काम केवल राम्रो उद्देश्यले मात्र हुदैंन ।
- काम गर्नको लागि स्वयम्‌लाई माथि उठाएर सबैको प्रति आत्मियताको भाव उत्पन्न गर्नुछ तब सबैसित बारम्बार मिल्नु यहि एउटा बाटो हुन सक्दछ ।
- भगिनी निवेदिताले भन्नुभयो कि प्रत्येक दिन एककृत हुनाले कार्यको अग्लो पहाड उभ्याउन सकिन्छ ।
- हामीले पनि आफ्नो कार्यमा हरेक दिन एक घण्टाको लागि जम्मा हुनु कार्यपद्धतिको एक अंगको रुपमा विकसित गरेका छौं जसलाई हामी संघको शाखा भन्ने गर्दछौं ।
- यहाँ व्यक्ति निर्माणको काम हुने गर्दछ, त्यस दृष्टिले यो संस्कार केन्द्र हो ।

यो सरल-सुलभ छ । मानसिक तथा शारीरिक क्षमता बढ्नुको साथै सामुहिक अनुशासन बन्दछ । कार्य पद्धति धार्मिक अथवा आध्यात्मिक होइन, तर आध्यात्मिकता उत्पन्न गर्नेवाला छ । विख्यात साहित्यकार ना.सि.फड्केले लेखेका छन् कि-म ईश्वरलाई मान्दिन त्यसैले मलाई संघको प्रतिज्ञा जच्दैन । पूजनीय गुरुजीले लेख्नु भएको छ कि-तपाईको जे माथि श्रद्धा छ त्यसैको स्मरण गर्दै प्रतिज्ञा गर्नुहोस त्यही हाम्रो लागि ईश्वरको रुप हो हरेक कार्य पद्धतिमा कर्मकाण्डको आवश्यकता पर्दछ । त्यसैगरी यो कार्यमा पनि आवश्यक छ । तर त्यो न्युनतम हो । किनभने कर्मकाण्ड बढ्न शुरु भयो त त्यो बढ्दै जान्छ । एउटा कार्यक्रममा परम पूज्य गुरुज्यूले पुरुषसक्तको पाठलाई मनाही गरिदिनु भयो- भन्नु भयो कि हामी संघ स्थानमा हिन्दू निर्माण गर्न चाहन्छौ ब्राह्मण होइन । हरेक व्यक्तिले धर्मको ठीक ढंगले आचरण गर्न सकेमा यस्तो अनुकुल एवं सुरक्षित वायुमण्डल, समाजमा निर्माण होस अर्थात धर्मको पालना होस । यसै अर्थमा संघ पनि धर्मको पालना गर्ने कार्यमा संलग्न छ । यस्तो

कामको सम्पर्क यहि बाटो हो र संस्कार यही मन्त्र हो । मार्ग लामो छ । कोही मानिस चाहन्छन् कि कार्यको प्रचार होस,तर प्रचार बाट कार्य हुने काम यो होइन । उदाहरण ब्रह्मचर्यको पालनको व्रत लिएर जुन क्लब बन्द छ। त्यसको राम्रोपनलाई हेरेर प्रचार द्वारा आकर्षित मानिस त्यसलाई छान्न सक्छन् । तर क्लबको सक्रिय सदस्यता कति धेरै मानिसले लिनसक्छन भन्ने त्यसमा शंका बन्न सक्छ । त्यसैगरी प्रचार बाट होइन अपितु एक-एक सर्म्पक द्वारा एक आपसमा कुराकानी गरी संस्कार दिएर यसैबाट काम बन्दछ। यो काम दिनप्रतिदिनको हो त्यसकारण यसमा कुनै सन्देह छैन। मनुष्यको मन पित्तलको भाडो जस्तै छ। चालिस वर्षसम्म हरेक दिन माझिरहेको हुन्छ । एक वर्ष नगरेपनि चल्दछ भने सम्झनु हुदैंन । शाखामा कति काम भएको त्यसको मापयन्त्र छैन तर सानो बालक दिन दिनै बढ्दै जान्छ तर बढेको देखिदैन । त्यसैगरी संस्कार पनि बढ्दै जान्छ । भू-क्षय बाढी पहिरो जस्ता विपत स्थितीमा संस्कारित स्वयंसेवक स्वतः स्फूर्ति रुपमा सेवा कार्यमा दत्तचित्त हुन्छन । अंग्रेज भन्दै रहे कि वाटरलु को लडाई नेपोलियनको विरुद्ध एटोनको खेलकुदको मैदानमा जितियो ।,ठुला कामहरुको यस्तै मानसिकता दैनिक खेलकुदमा बन्छ । प्रवासको क्रममा प.पू.गुरुज्यूले भन्नु भएको थियो कि सडे गलेको बस्तुबाट पेनिसिलिन जस्तो प्रभावकारी औषधि निर्माण हुन्छ । त्यसै गरि स-साना कार्यक्रमहरुबाट ठुला काम सम्पन्न गर्ने क्षमता बढ्दछ । जसरी नित्य कामको लागि शाखा बनेको छ त्यसै प्रकारले नैमित्तिक उत्सव पनि हाम्रो कार्य प्रणालीमा पर्दछ। त्यसको सत्य संघ शिविर संघ शिक्षा वर्ग वनविहार जस्ता केही नैमित्तिक कार्यक्रम पनि छानिएको हुन्छन ।चतुवर्ग चिन्तामणि नामक पुस्तकमा वर्षभरिको २००० ब्रतको बारेमा जानकारी दिएको छ। यी मध्ये असुर शक्ति माथि विजय प्राप्त विजयदशमी वर्ष प्रतिपदा आदि उत्सव समाहित छन् । एउटा पुराणकालीन, एउटा इतिहास कालिन एवं एउटा नुतन इतिहासकार यी तीन उत्सव हुन । यसैसंग संक्रमण मार्गको अनुभूति मकर संक्रान्ति दुई संघ कार्यको प्रतिक रुपमा निष्ठाको स्थान बनेको भगवाध्वज त्यसको अर्चना गर्दै गरेको तथा व्यक्ति निष्ठा व्यक्ति पूजा पञ्छाउँदै चिन्तनको महत्व दर्शाउदै उत्सव श्री गुरु पूर्णिमा ती सम्पूर्ण समाजलाई एक सूत्रमा बाध्ने प्रयासको प्रतीक रक्षा बन्धन उत्सव । जहाँ प्रथा एक अर्काको रक्षा गर्दछन त्यहाँ न राजा हुन्छ न राज्य । यस्तो

आर्दश बन्नु त्यही उत्सव रक्षा बन्धन हो। यसरी उत्सवहरुको चयनको पछाडि संघकार्यको दृष्टिले, राष्ट्रिय दृष्टिले उपयुक्त संस्कार मानिसहरुको मनमा अंकित होस यही भावना रहेको छ। फेरि यस्ता कार्यक्रमको प्रभावद्वारा सकारात्मक परि स्थिती बन्दछ र त्यसको विस्तारै प्रभाव फैलिदै जान्छ। राष्ट्रिय गीतको समयमा दक्ष स्थितिमा उभिनु यो संघको कार्यक्रम देखेर समाजले सिकेको हो। यस्ता कार्यक्रमका कारण कार्य विस्तार हुन्छ। त्यसकारण सानो होस् या ठुलो प्रकारले योजना बनाउँनु पर्छ। संयोग बस जे भएको छ, त्यो भइरहोस यो सोच ठीक होइन अनि ठीक समय यदि कुनै गडबड भएमा त्यसको लागि पनि तयारी गर्नुपर्दछ। यसकारण जरुरी छ कि-यसबाट हौसला बढ्दछ। क्षमताको विकास हुन्छ। कार्यक्रम यस्ता कार्य बढाउँनका निमित्त हो। कार्य होइन। यसको लेखा जोखा हुनु पर्दछ। ठुला प्रदर्शनात्मक कार्यक्रम आयोजना गर्नाले त्यसको दुई खतरा बन्दछ एउटा कार्यक्रमले शिथिलता पैदाहुन्छ, भने अर्को कार्यकर्ता कम्पेनमाइण्डेड बन्दछन।

दुवैलाई पर सारेर समीक्षा गर्नुपर्दछ कि यस बाट काम अगाडि बढ्यो के ? काम बढ्दछ,त्यसको पछि प्रसिद्धि आई नैं हाल्छ। आवश्यकताको आधारमा त्यो भए त ठीक, तर त्यो सुख्खा अकाल वा ओसिलो अकाल नबनोस् भनेर सचेत हुनुपर्दछ।

प्रसिद्धिबाट आत्मसंतोषको भाव उत्पन्न हुन्छ। यसबाट जीवनमूल्यमा स्खलन आउँदछ। अनि संगठन भाव समाप्त हुन्छ। काम शुरु गरेपछि फल प्राप्त हुन्छ, बिउ रोपेपछि बाली लाग्दछ तर त्यसको लागि धैर्य आवश्यक हुन्छ। रविन्द्रनाथ भन्दथे कि-उपलब्धी नै नभए पछि यस्तोमा प्रसिद्धि पनि देखिंदैन। राष्ट्रनिर्माणको काम शुरु गर्नु पर्दछ, यसको चर्चा डा.जीले सन् १९१६ मा त्रयोलोक्यनाथ चक्रवर्ती महाराजसँग गर्नुभएको थियो। तर प्रत्यक्ष प्रारम्भ सन् १९२५मा भयो। यो आफ्नो पद्धति हो। कार्यको दृष्टिले आवश्यक नित्यानित्य विवेक गर्न डा. हेड्गेवारले कहिले छोड्नु भएन। आफ्नो कार्यको लक्ष्मण रेखालाई सबैले ध्यानमा राख्नु पर्दछ। रामसेनाको पद लिन डा.हेड्गेवारले मनायी गर्नु भयो। जबकि डा.मुजेसँग उहाँको अत्यन्त निकटता थियो। व्यक्तिगत रुपमा वहाँले स्वतन्त्रताको आन्दोलनमा सहभागी भइरहनु भयो तर संघको लागि उहाँले लक्ष्मण रेखा तान्नु भएको थियो।

पूजनीय डा. हेड्गेवारको धारणा थियो कि लोकमतको प्रवाहमा सस्तो लोकप्रियताको पछि बग्दै जानु सरल छ। तर ठीक व्यक्ति त्यही हो जो प्रवाहको विरुद्धमा उभिएर सत्यको वर्णन गर्दछ।

आफ्नो कार्यको लक्ष्मणरेखाको यो अर्थ होइन कि-कार्यको सीमा केवल एक घण्टाको शाखासम्म मात्र सिमीत रहोस्। एक घण्टाको अनुशासनमा बाँधिएर बस्नुको अर्थ बचेको तेइस घण्टा मनोमानी गर्नु यो हाम्रो काम होइन। बाबा साहब आप्टे भन्नु हुन्थ्यो कि-संघ हाम्रो दृष्टिमा आओस, जसरी शिल्पकारलाई आफ्नो सीप देखी र हेको हुन्छ। त्यसैगरी कुनै मैदान देखिएमा सोच्नुपर्दछ कि-यहाँ आफ्नो ठुलो शिविर लाग्ने छ। व्यक्ति संसाधन सबै संघानुकुल बनाउनु, यस्तो स्वभाव बनोस्। विविध गुणयुक्त व्यक्तिलाई जोडेर संगठन सबल बनाउन हरेकको रुची अनुरुप काम दिनु पर्छ। हरेकको क्षमताको उपयोग होस यस्तो रचना गर्नुपर्छ। यो सबैको स्वभाव बनोस्। हरेक कामको लागि व्यक्ति तथा हरेक व्यक्तिको लागि काम यो भाव रहि रहोस् भनेर यसको लागि व्यापक सम्पर्क गर्नु पर्छ। स्वा.विवेकानन्दज्यूले भन्नुहुन्थ्यो, मानिसहरुलाई जोड्दै जाऊ र बाँकी प्रक्रिया आफैं हुन देउ। त्यसै प्रकारले आफ्नो प्रयास समग्र हिन्दू समाजलाई जोड्नु नै हो। यो प्रयास कृतिम छ। पछि जोडिरहने सहज भाव पैदा हुन्छ। डा. ज्यूले विविध क्रियाकलापको कारण कैयौं राम्रा मान्छे सम्पर्कमा आए। व्यापक सम्पर्क यस कारण आवश्यक छ कि संघ कुनै सम्प्रदाय होइन। स्वामी वरदानन्दले पूर्णमा संघको प्रार्थनाको अवसरमा प्रवचन दिनु भयो। जब वहाँलाई सोधियो तब वहाँले सोध्नु भयो कि-संघको प्रार्थना सम्पूर्ण करोडौं हिन्दुहरुको हो-केवल स्वयंसेवकको होइन। सम्प्रदाय बनाउँनु मानवीय स्वभाव हो तर यदि समाजको साथ आफ्नो अगांगी भाव हामी मान्दछौं, तब यसलाई हामी सर लतापूर्वक जान्न सक्दछौं कि केही व्यक्ति पेटेण्ड स्वयंसेवक छन् भने बाँकी लेटेण्ट स्वयंसेवक छन्।

१९२७ मा नागपुरमा जातीय दङ्गा भयो। डा. हेड्गेवारले भन्नु भयो कि-हिन्दुहरुको सुरक्षा एवं प्रतिरोध पुरा हिन्दू समाजले गऱ्यो। यो पराक्रम हिन्दू समाजको हो,संघको होइन। हामी पुरै समाजसँग एकरुप एकात्मक छौं त्यसकारण आफ्नो काम गर्दाको समय हामी कुनै अलग हौं भन्ने भावना सामाजिक क्षेत्रमा

उत्पन्न हुनु हुदैन। त्यसकारण हामी चौविसै घण्टा गणवेश लगाउँदैनौ। डा.हेड्गेवार ले आफ्नो मृत्यु पूर्व यतिसम्म भन्नु भयो कि कुनैपनि सामान्य व्यक्तिको मलामी यात्रा जसरी निकालिन्छ, त्यसैगरी मेरो पनि निकालियोस्। उहाँ सधैं भन्नु हुन्थ्यो कि 'आफ्नो संघको उत्सव'यस्ता शब्दहरुको प्रयोग होस किन भने-"हाम्रो संघ" भन्नाले पढ्नेहरुमा म र तिमीको भावना उत्पन्न हुन्छ।

शब्दहरुको प्रयोग अत्यन्त महत्वपूर्ण हुन्छ। जीफ्रस पातञ्जली एवं बाल्टेयर उहाँहरु शब्द प्रयोगको बारेमा सावधानी अपनाउनुपर्छ भन्दथे। जस्तै 'संघको बैंक' यो शब्द ठीक छैन। 'बैंकमा संघ छ' यो ठीक शब्द प्रयोग भएको छ यस्तो डा.ज्यूले तुरुन्त भन्नु भएको थियो। सम्पूर्ण समाजसँग व्यापक सम्पर्क गर्दा मूलकुरालाई भुल्नु सहज भाव हुन्छ। यसबाट बच्दै हामी सम्पर्कबाट जुन कुरा प्राप्त गर्नु छ त्यसको सदा चिन्तन गरिरहनु पर्छ, जसरी आकर्षक भकुण्डो देखेर त्योसँग खेल्दा खेल्दै बच्चा आमालाई नै भूल्दछ त्यसैगरी भिक्षा मागेर सम्पर्क गर्दा गर्दै मच्छेन्द्रनाथ स्त्रीराज्यमा पुगे र त्यहीको बनिहाले। त्यसको विपरीत देवयानीको मोह बाट अलग भएर ध्येय साधनामा कचदेव लिन हुनु भयो र विद्या प्राप्त गर्नुभयो।

यस्ता कामको बीजारोपणबाट कामको बिरुवा उम्रिहाल्छ। अब कुनैपनि नयाँ बिरुवाको बारेमा यस्तो डर उत्पन्न हुन्छ कि-यस्तो भ्रम यता-उताबाट जनावर आएर त्यसलाई खाइ देओस् वा उखेली देओस। कुनै नयाँ संस्थामा नरपशुहरुको पनि त्यस्तै भय रहन्छ। यस दृष्टिबाट वृक्षारोपणको साथै घेरबार बलियो बनाउने व्यवस्था दुरदर्शिताको लक्षण हो। प्रत्यक्ष संघ स्थापना गर्नु भन्दा पहिले त्यसको सुरक्षाको बार-बेर गर्ने प्रयास डा.हेड्गेवार ज्यूले बर्षौं सम्म गर्नुभयो।

समाजमा मित्र शत्रु तटस्थ यस्तो श्रेणी हुन्छ। त्यसैगरी एक अर्को श्रेणी 'उपकारक तटस्थता' रहेको हुन्छ। त्यसबाट पनि समय-समयमा आफ्नो काममा सहायता प्राप्त हुनसक्छ। संगठनलाई सुचारु रुपबाट चलाउँनको निम्ति बिस्तारको साथ संगठनलाई द्विमार्गी सम्पर्क चलाउनु पर्छ। त्यस प्रति जवाफ देही तथा तत्पर बनिरहनु जरुरी छ। उत्क्रान्तिमा शरीर बढ्छ तब सुस्त पनि हुन्छ तथा तत्परताको साथ चलायमान बन्ने क्षमता हराउँछ। माथि देखि तल तथा तल देखि माथि यसरी

तत्परताका साथ सम्पर्कको व्यवस्था संगठनको लोकतान्त्रिक मानसिकताको परिचय हो । तर आज लोकतन्त्रको नाममा अनुशासन हीनता फैलिरहेको छ ।

आफ्नो सन्तुलन बनिरहे तापनि आफ्नो रचनालाई तानाशाही बन्ने एवं अनुशासनहीन बन्ने खतरा उब्जन्छ । पारिवारिक भाव मनमा राख्नाले नै यो संतुलन बनिरहन सक्छ । शाखामा एक घण्टा प्रतिदिन बिताउँनेले सबैसँग मित्रता गरोस आपसी सौहार्दभाव फक्रोस । यही नै संगठनको स्वाभाविक अपेक्षा रहन्छ । प.पू. श्री गुरुजीले एक जना विशिष्ट व्यक्तिलाई एक पत्र दिनु भयो । तिनको मनमा संघको गतिविधीलाई लिएर तिनको मनमा धेरै आशंका थियो तर हाम्रो संगठन पारिवारीक हो। पारिवारीकताको स्तर थोरै-धेरै हुनसक्छ । यही पत्रद्वारा ती व्यक्तिले पूरा कुरा बुझे। पारिवारीकताबाट व्यवस्था तथा स्वाभाविक रुपले उसको अनुरुप सविधान बनाइएको छ। जसरी भाषा पहिले बन्दछ तथा विकासको नियम के हो त्यसको खोजबीन पछि नियमहरुद्वारा व्याकरण बन्दछ। त्यसै प्रकारले हाम्रो काम बनेको छ। त्यस कामको संविधान यसरी नै बनेको छ ।

यसैगरी पारिवारिक सम्वन्धहरुको आधारमा नै संगठनको लागि आवश्यक यस्तो अनुशासन पद्धतिले काम गर्दछ। यस दृष्टिबाट देख्नाले संगठनमा आदेशले काम चल्दैन । सबै क्रियाकलापहरुको जानकारी सबै सम्बन्धितहरुलाई समय-समयमा दिइरहनु पर्छ। जसबाट संगठनको सुझ-बुझ बढ्छ र यसैले संगठनलाई अनुशासनमा राख्दछ त्यस्तो अपेक्षित सुझ-बुझको स्तर कुनै औपचारिक रचना विना पनि सम्भव छ। यस विपरित आज्ञा गलत भएमा केवल अनुशासनको नाममा गलत आज्ञाको पालन यो संगठनको अहित हो । यस बाहेक संगठनको माथिल्लो स्तरमा अहंकार पनि झाँगिन्छ । मनुष्यमा चिन्तन गर्ने क्षमता हुन्छ र क्रियाकलापमा व्यक्तिगत प्रयास स्वभाविक रुपमा हुन्छ। यो जरुरी पनि छ। तर यस्तो व्यक्तिगत स्वयंप्रेरणाको प्रयास अनुशासन हीनताको स्तरमा नजाओस्, यस तर्फ पनि चिन्तन गर्नुपर्छ। कार्यलाई 'लेटर' एवं 'स्पीरिङ' बुझ्नु अनिवार्य छ। संघमा अनुशासन अत्यन्त कडा हुन्छ। यसको मतलव यो होइन कि संघमा लचिलोपनको अभाव छ।

हाम्रो प्रयास यो हुनुपर्छ कि-संगठनात्मक अनुशासन तथा स्वयंप्रेरणा दुबै सुन्दर बनि रहोस्। मुल्यवान् कपडाको थैलीलाई बर्षाबाट बचाउ गर्ने आज्ञा जुन नोकरले शत्

प्रतिशत जिम्मेवारी निर्वाह गर्दछ,त्यसले थैली सुरक्षित गर्न मूल्यवान् कपडाले लपेट्दछ। मुल्यवान कपडा भिज्यो थैली भिजेन कडा अनुशासनको यही दुर्गति हुन्छ। आज्ञाको भाव ध्यानमा नलिएमा यस्तै हुन्छ। संघको अनुशासनमा फौजको जकडबन्दी मानसिकता हुँदैन। शिष्यको गुरुप्रति जुनभाव हुन्छ त्यही अनुशासन हो।

अनुशासनका दुई आयाम हुन्छन्। एक व्यक्तिको रुपमा त्यसको अनुपालन शायद यसको सम्वन्ध व्यवहारिक कर्महरुमा ल्याउँन सकिन्छ। दोश्रो आयाम छ सबैले मिलेर एक साथ सूत्रवद्ध भएर शाश्वत-मौलिक सिद्धान्तरुप धर्म पालन गर्ने समष्टिरुप अनुशासन हो। आफ्नो व्यक्तिगत गुणसम्पदाको पूरै समर्पण समष्टी धर्म/राष्ट्र हितको सीमामा गर्नु यो आफ्नो अनुशासनको अवधारणा हो। बाँकी सबै दासयता निर्माण गर्नेवाला कुराहरु हुन।

श्रीमद्भागवत गीताको अठार अध्याय सम्म दायित्वको बोध गराए पछि आखिरी अध्यायमा भगवान अर्जुनसँग भन्नु हुन्छ-'अहिले सम्म जुन तिमीलाई बताए त्यो सबै ध्यानमा लिएर गहिराइले चिन्तन गर र फेरि जुन उचित लाग्छ त्यो गर। फेरि अर्जुन पनि भन्दछन कि मेरो सबै मोह अब टुटि सकेको छ। तपाई जो भन्नु हुन्छ त्यो गर्नको लागि म वचनबद्ध छु, यही अनुशासन हो।

कृष्ण एवं अर्जुनसँग जति पाइला तल छु त्यति नै आफ्नो अनुशासनको स्तर पनि निम्न छ। फेरि आदेशको अवहेलना गर्ने चलन पनि छ। जति आज्ञाको उल्लङघन हुन्छ त्यति नै हामी 'प्रोग्रेसिव' बन्नेछौं। तर पूर्णरुपेण ध्येयवादी आत्मसमर्पित निर हङ्कारी नेता सबै परिस्थितिहरुमा उचित निर्णय गर्नसक्दछ। आफ्नो जीवनको उदाहरणले अनुशासनको वायुमण्डल खडा हुन्छ। संघको अपरिवर्तनीय र परि वर्तनीय यस्ता कार्यको दुई आयाम छन्। तर संघको नाम के हुन्छ ? यस्तो विलकुल नै बुनियादी र पहिलेदेखि नै सोँचेर तय गरिएको बिन्दु पनि सहमतिको लागि यस प्रकारले डाक्टरज्यूको नजिक राखियो कि अपेक्षित फैसला १७ जुलाई १९२६ को बैठकमा त्यो तय गराइयोस्।

त्यस्तै कुनै पनि फैसला दोषमुक्त हुन सक्दैन। भगवान भन्नु हुन्छ कि अग्नि प्रज्ज्वलित गर्नाले पहिला धुवाँ त हुन्छ नै। त्यसै प्रकारले सबै कार्य दोषयुक्त हुन्छन। तै

पनि फैंसला सही वा गलत जे पनि होस् त्यसको पारदर्शी नेतृत्वमा विश्वासको वस्तुपाठ प्राप्त होस यस्तै सामूहिक कार्यपद्धतिको विकास हुनुपर्दछ । परस्पर विश्वासको आधारमा नै सही अनुशासन विकसित हुन्छ। सम्पर्क र सम्वादले यस्तो सामूहिक फैसला उचित र सन्तुलित बन्दछन् । जस्तै कामको विस्तार बढ्दै जान्छ त्यसैको साथ-साथै कामको फैसला पनि त्यसको आफ्नो स्थानहरुमा गराउने व्यवस्था बनोस् । यस्ता सबै स्थानका कार्यकर्ताहरूसँग आफ्नो ध्येय आफ्नो साध्य एवं आफ्नो दृष्टिकोण उचित रुपमा विराजमान रहोस । अनि यस्ता सबै स्थानहरुको केन्द्रसँग अर्थात तलै देखि माथितिर माथि देखि तल यस्तो द्विमार्गी नित्य सम्पर्क बनिरहोस तब अनुशासनको साथ उचित निर्णय प्रक्रिया पनि सिद्ध हुनसक्दछ । सही प्रजातन्त्रमा समाजलाई स्वयं प्रेरणाले सम्मिलित गर्नेवाला सजग विकेन्द्रित निर्णय प्रक्रिया हुनु पर्दछ । हरेक काम यो आफ्नो श्रृंखलाको प्रक्रिया हो । जसरी स्तर माथि उठ्दै जान्छ त्यस्तै पहाडीको उचाइदेखि विशाल परिसर जस्तै कार्यको पनि विशाल परिसर माथि देखि आँखाको सम्मुख आउँदछ । तर पनि आँखाको रोशनी त्यही रहन्छ तर हेराई विस्तृत हुँदै जान्छ। तलको परिदृश्य र माथिकोमा यसमा द्वन्द कहाँ छ ?

हरेक स्तरमा कार्यकर्ताहरुको टोलीहरु बनोस । सबैले एक अर्कासँग निरहङ्कारी मनले परस्पर स्नेहभावले खुला मनले जोडिनु पर्छ, यस्ता वायुमण्डल बनोस । सबैको सहमतिले फैसला हुनुपर्दछ। यस्तो टोलीहरुमा कुनै औपचारिक र वैधानिक कुनै जिम्मेवारी नहुनेवाला यस्ता कार्यकर्ता पनि सीमित गर्नुपर्छ। सङ्केत यही छ कि लोकतन्त्रको मुलाधार मानिने वाला विकसित सर्वाभिप्राय (कन्सेंसन) बनिरहोस् । यस प्रक्रियामा पुराना कार्यकर्ताहरुको भूमिका महत्वपूर्ण रहन्छ। रचना यस्तो होस कि-नयाँ काँधहरुमा बुजुर्ग मस्तिक यो तब मात्र हुनसक्छ जब पारिवारिकतालाई सम्भालेर पुरानो कार्यकर्ता,कार्यसँगै पितृभाव मनमा राखेर जोडिनु पर्छ । कार्यको प्रत्यक्ष जिम्मेवारी नयाँ कार्यकर्ताहरुमा नै रहने छ तर त्यसलाई सही दिशाको संकेत पुराना कार्यकर्ताले दिनेछन् ।

कैयौं पटक संगठनको शक्ति के छ यसको चर्चाहरु हामीले गर्छौं । के संख्यात्मक योग यही आधार मानेर चल्दछ त ? बजारमा आएका पाँच सय व्यक्ति संघस्थानको

पाँच सय स्वयंसेवक के यसको ताकत एकै हुन्छ त ?आफ्नो अहंकार साथमा लिएर सब्जीमंडीमा आएका व्यक्तिहरुलाई र संगठनमा आफ्नो अहंकार समर्पित गरेका यस्ता सुसंगठित व्यक्तिहरुको ताकत यसमा जमिन आकाशको फरक हुन्छ । संगठित भावको भित्री ताकत कयौं गुना बढी प्रकट हुन्छ। सिद्धान्तको आन्तरिक शक्ति जनतन्त्रको बहुमत पद्धतिमा निर्भर रहँदैन । ग्यालिलियो, ब्रुनो, कार्पनिकस, आदि चिन्तकहरुको अगाडी समस्या आयो कि बाइबलको पाखण्ड मान्नु अथवा विज्ञानको सच्चाई उजागर गर्नु। सबैले आफ्नो अन्तरप्रेरणाको सत्यको अनुभूतिलाई मानेका छन्। कष्ट उठाए, तर बहुमतको प्रमाणलाई मानेनन्। बहुमतले प्रस्ताव पारित गरेर आगो, पानी, सूर्य यसको धर्मको बदलामा के सम्भव होला ?

अघिल्लो आठ नौ दशकहरु देखि यस्तो नै कार्य पद्धति द्वारा संघ कार्य चलि रहेको छ र बिकसित भएको छ। संघको रचना गर्दा नै डा.ज्यूले श्रम विभाजन सोच्नु भएको थियो । व्यक्तिहरुको निर्माणको काम संघले गर्ने छ र यस्तो राष्ट्रप्रेमले समर्पित व्यक्ति समाजको विभिन्न अंगहरुमा राष्ट्र उपयोगी कार्य र विचारहरुको विकास गर्ने छन्। जस्तै 'पावर हावस'मा केवल विजुलीको निर्माण हुन्छ। त्यसको आधारमा बत्ती बल्दछ, पंखा चल्दछ, यो आवश्यकताको आधारमा क्रियाकलापको रुपमा चल्ने छ। त्यसै प्रकारले संघ शाखाबाट निस्केका कार्यकर्ता समाजमा प्रभाव बढाउने छन्। कार्यको विविध आयाम तयार गर्ने छन्। चन्द्रमा आफ्नो स्थानमा नै रहन्छ तर जस्तै उसको कला बढ्दछ त्यस्तै त्यसको बढ्दै गरेको प्रकाश चारैतिर र टाडा-टाडा फैलिन्छ । उचित समयमा उचित कुरा प्रकट हुन्छ यो संघको स्वभाव हो। जस्तै चित्रकार आफ्नो चित्रको 'आउट लाइन' पहिले नै बनाउने छ र विस्तारै-विस्तारै रंगहरुलाई भर्दै आफ्नो कल्पनालाई साकार गर्ने छ। त्यस्तै नै संघको प्रगति डा. हेड्गेवार ज्यूको योजनाहरुको विकास हो। सबै संस्थानहरुको प्रेरणा संघ हो तर संघ अनासक्त छ। हिन्दू राष्ट्रको सिद्धान्तमा नै संघ दर्शन सम्भव छ। शाखा चलेपछि नै संघ योजना देखिने छ। हजारौं सालमा विदेशी आक्रान्ताले, समाजको चिर पुरातन चिन्तनमा तयार भएको व्यवस्था ध्वस्त गरेको थियो। जसको कारण परम्पराहरु खण्डित भएका थिए। त्यसैलाई नयाँ प्रक्रियाले चलाउने यो प्रयास हो। नयाँ संस्कार प्रणाली केही छैन। युगानुकूल जति परिवर्तन

भए त्यसको आवश्यकता अनुरुप थोरै नयाँ यस्तो एकरूपता बनाएर संघ पद्धति बन्यो। संघको काम व्यापक बनाएर समाजको रूप बनोस् र संघको रुपमा भएको घाउ भर्नको लागि बनेको झिल्ली आफै घाउ भरे पछि खस्नेछ। यहि आफ्नो अस्तित्व हो । यसैले पूज्य डा. साहबज्यूले भन्दै रहनु भयो कि संघको कुनै 'ज्युबिली' बनाइनेछैन। समाजको जीवन शक्ति क्षीण भएर समाजलाई बेहोसीपन आउँछ तब संगठन बनाएर त्यसलाई संकटदेखि बाहिर निकाल्नु र बाहिरी अथवा यादव कुलमा उत्पन्न भएको आन्तरिक संघर्षले यस्तो समाजमा बाँचि नरहोस्। यसैले दक्ष आरामको साथ यो संगठन,मानौं जीवमान समाजलाई स्वाभाविक स्थितिमा ल्याउँनको लागि तयार गरिएको एक प्रयास हो। अगाडि गएर यो पद्धति केवल दक्ष, आरम्को रहने छैन।

आफ्नो काम धैर्यता राखेर लामो समयको लागि चलाउने कार्य हो। कयौं पटक लाग्दछ कि-किन यसको सानो बाटो न निकालियोस ? तर ठुलो कामको बाटो पनि लामो हुन्छ । आफ्नो राष्ट्रलाई परम वैभवको प्रयास गर्नु यो सुदीर्घ कार्य हो । राजप्रसाद बन्नु छ,तब समय लाग्ने छ। तासको पहल त केही मिनेटमा नै बन्दछ, राजप्रसाद होइन। भगवानले विभिन्न वनस्पतिहरु विरुवाको रुपमा बाड्नु भयो, कल्प वृक्षको विरुवा दिनु भयो र कहाँको यसलाई जीवित हुनमा नै सय वर्ष लाग्ने छ। जुन उसको जीवन कालमा सायद जीवित पनि नहुन सकोस्।

धैर्यताको साथ ध्येयपूर्तिको लागि चाहना देख्न तयार हुनेवाला परम पूजनीय डा.ज्यूले यस्तो विरुवा चुन्नु भएको छ। संघ कार्यको माध्यम सरल सुलभ छ तर कार्यशैली बिलकुल रुखो,कठिन र धैर्यताको कसौटी लिनेवाला छ। केवल एक घण्टाको लागि एकत्रित आउँनु सरल देखिन्छ। तर लामो समय प्रत्येक दिन त्यही दक्ष-आराम गर्नु यो लोकप्रिय बन्न सकेन । तर यही एकमात्र बाटो छ जसले विजयी कार्यशक्ति संगठित हुने छ। तब यही हामी सबैलाई विजयी पथमा लिएर जाने छौ । अब यसमा संदेह किन ? जब काठमाण्डौं जानेवाला गाडीमा सोची सम्झी बसेको छु तब बिचमा प्रत्येक स्टेशनमा उत्रिएर प्रत्येकलाई सोध्नु कि- के यो गाडी काठमाण्डौं जाने छ ? यो बुद्धिमता होइन,संशयवाद हो। बुद्धिमता त यो भन्दा पनि भयङ्कर छ। एक बुद्धिवादी बाँदरले आँपको गुठली रोप्यो। फेरि तर्क

त्यसलाई बताउंछ कि गुठली (कोइला) बाट आँप निक्लन्छ त बुद्धिको आधारमा यो सोच्नु कि बिरुवा अहिले सम्म निक्लिएन। कतै त्यो आँपको कोइला(गुठली) हराउन त हराएन ? अब यस्तोमा बिरुवा निस्कन्छ कसरी ? जब गुठली प्रत्येक घण्टा जमिनबाट निकालेर हेर्ने अनि फेरी त्यसलाई ढाकेर रुखमा गएर बस्नाले हुन्छ। बर्षौं काम गरे पछि अब समाज अस्वस्थ छ कि यही काम विजयी बन्नेछ। तर कार्यकर्ता संशयवादको शिकार बन्नु भएन। प.पू श्री गुरुजी भन्नु हुन्थ्यो-अनडयु हेस्ट काग्रेस' फितलो सोच्ने कुरा यो कि जब डाक्टर ज्यूले संघ प्रारम्भ गर्नु भयो त त्यस समय उहाँसँग के थियो ? केही पनि थिएन। केवल ध्येय निष्ठा र जीवन व्रतले प्रतिबद्ध हुनु हुन्थ्यो। जस्तै शून्य दखि संघ सृष्टिको निर्माण भयो। अनेक प्रकारको विपरित परिस्थितिको सामना गर्दै अस्तित्वको प्रलयंकारी संघर्षमा विजय तिर हामीलाई लिएर जानेवाला आफ्नो कार्यपद्धति यही हाम्रो आधार हो। जसलाई हामी नभुलौं। हामी कहाँ भन्ने गरिन्छ कि-काम बिस्तारै-बिस्तारै हुन्छ। कुनै विद्वान व्यक्तिले भन्नुहुन्थ्यो कि समाज परिवर्तनको मार्ग लामो जरुर हुन सक्छ तर त्यो एक नै मार्ग हो त त्यो सबै भन्दा सानो बाटो पनि छ। अब यस्तो बाटो देखि नै पार हुनको लागि कामको गति बढाउनु यही आवश्यकता छ।

हामीलाई यो विश्वास छ कि समाज संगठन तथा राष्ट्रिय पुर्ननिर्माणको आफ्नो ध्येय प्राप्ति गर्ने दृष्टिले आफ्नो कार्यपद्धति स्वयं पूर्ण छ। मतलब यो छ कि अब अन्य दोश्रो कुनै पद्धतिको आवश्यकता बचेको छैन। हामी यदि यस पद्धतिलाई छोड्यौ त पुग्न सक्ने छैनौं। किन कि यसको कुनै विकल्प नै छैन। आफ्नो चर्चामा धेरै पटक कार्यकर्ता निर्माणको बिन्दु आएको छ। आफ्नो अधिष्ठानको रूपमा सदियौं दखि चल्दै आएको आफ्नो जीवनको यथार्थ गर्नेवाला आफ्नो कार्यपद्धति हो। त्यसको द्वारा आफ्नो कामको महत्वपुर्ण अंग हो। यति ठुलो शक्ति जसद्वारा बन्दछ त्यो कार्यकर्ता हो। आफ्नो कार्यको यही आधार हो।

## कार्यकर्ता

कार्यकर्ता निर्माणको कुरा आफ्नो यहाँ धेरै चल्दछ। जसमा बाहिरवाला लाई सम्झन धेरै कठिन छ। विख्यात युनानी दार्शनिक डायजेनिसले दिनमा लालटिन लिएर बजारमा खोजविन गर्दै थिए। जब सोधियो तब भन्न थाले कि मलाई मनुष्य

चाहियो । जब सबैले भने कि हामी मनुष्य नै हौं । तब उहाँले भन्नुभयो-मलाई मनुष्य चाहियो, पुड्को होइन । दुई हात खुट्टा भएर मनुष्य हुँदैन । सार्वजनिक स्थानमा पानीको आवश्यकताको हिसाबले उपयोग गर्नु तर त्यसलाई जथाभावी खर्च नगर्नु यो सानो अपेक्षित व्यवहारको कुरा छ । तर यस्तो बानी कम देखिन्छ । समाजको रुपमा एककृत रहनुछ त तब न्युनतम् शिष्टाचारको कुरा पनि राम्रो संग हुन सक्दैन कुनै पनि, पहिला सर्वमान्य मानव बन्नुपर्छ तब त्यसै मध्येबाट कार्यकर्ता बन्न सक्छ, संकटको समय सहज भावले निक्लिने हिम्मत हुनु पर्दछ । त्यस्तै त प्रत्येक दिनको सबै काम पनि गर्ने बानि हुनुपर्छ । यस्तो अपेक्षा कुनैपनि आम व्यक्तिसँग रहन्छ । यसैमध्ये जो कार्यकर्ता बन्दछ त्यसलाई सबै अवगत हुनुपर्दछ । समाजमा मिलिजुली रहनु छ त चर्चित विषयहरुको सबै जानकारी कार्यकर्ताले राखुन तब संवाद बनाउन सजिलो हुन्छ । नजिकैको समाज जीवनमा हुनेवाला महत्वपूर्ण प्रसंग जस्तै जन्म मरण,जन्म दिवश परिक्षार्थमा विवाद आदि महत्वपूर्ण समयमा सबैको साथमा आफ्नो कार्यकर्ता रहेमा यो अपेक्षा हुन्छ । कार्यकर्तामा समाजको प्रति एवं व्यक्तिहरुको प्रति संवेदनशीलता रहनुपर्दछ । ग्रामिण कार्यकर्ताहरुको खेतीको जानकारी प्रकृया औजार जनावरहरुको चिकित्सा आदिको जानकारी र हनुपर्दछ । त्यसै प्रकारले कामी, बढै, सार्की आदि कामहरुको पनि जानकारी अपेक्षित छ । भाव यो छ कि समाज एकात्म भएर काम गर्नु पर्छ । परम पू. श्री गुरुज्यूको कृष्णराव मोहरी बाट दिएर प्रवासको व्यहोरा दिनुथियो । एक पैसाको हिसाब मिलेको थिएन । बनियानको खल्तिमा त्यो पैसा भेटियो । श्री गुरुजीले युरेकाजस्तो आनन्द भयो । पनवाट आश्रमको हिसाबमा बसन्तराव बापटले धेरै ठूलो काम गरे । यस्तै सबैको व्यवहारमा सहज भाव, आर्थिक पारदर्शिता रहनु पर्दछ । जुन कार्यकर्ता निर्माणको मूल शुरुात हो । तत्व ज्ञान जति पनि ठूलो होस् त्यसलाई चरितार्थ गर्नेवाला व्यक्ति ठीक नभएमा त्यसको मूल्य बन्दैन नै घट्दछ । र बिन्द्रनाथ टैगोरका कविताहरु जापानीहरुले अनसुना गर्दिए । उहाँले भन्नु भयो जुन देश गुलाम होस त्यसको कविता कसले सुन्छ ।

शरीरमा जुन स्थान अस्थिसमूहको छ । त्यही समाजमा कार्यकर्ताहरुको हुन्छ तर सन् १९४७ पछि यस्तो विचार बन्यो कि अब समाजलाई अस्थिसमुहको के जरुरत छ ?

संघको एक प्रतिशत कार्यकर्ता औसतमा यदि समाजमा रहन्छन् त्यो परिवर्तन हुन सक्दछ यस्तो भनिएको थियो। प.पू.श्री गुरुज्युले सोध्नुभयो कि के समाजको नेतृत्व गर्ने यिनको क्षमता छ ? यसको मतलब हो कि हरेक कार्यकर्ता अनुयायी पनि हो, नेता पनि हो । अर्को शब्दमा सबै नेता हुन र कोही पनि नेता होइन । जबसम्म आफैलाई सिंगारेर ठीक हुँदैन तब सम्म हामीले अरुलाई कस्तो दर्शन गराउला । केही वर्ष काम गरेपछि मनमा अहंकार आउछ तर प.पू.गुरुज्यूले भन्नु भएको छ मैले अहिले सम्म संघ के हो पूर्णरुपमा बुझेको छैन। दादाराव परमार्थ भन्नु हुन्थ्यो कि काम आफुबाट प्रारम्भ गर्नु पर्छ। एक एक व्यक्ति जब आफु स्वयंको संगठन गर्छ त उ आफ्नो कार्यको परिणामकारी साधन बन्न सक्दछ। भगवान बुद्धले भन्नु भयो 'आत्म दीयो भव' ('हरेक व्यक्ति स्वयंको निम्ति दीपक समान होस)।'

स्वयंको मतलब शरीर, मन, बुद्धि, आत्मा यिनीहरुको मेल हो । यि चारैको बराबर सन्तुलन होस । यो अत्यन्त कठीन हुन्छ । अस्वस्थ शरीर भन्छ कि-गुलियो खानु ठीक छैन । जिब्रो भन्छ-दुईवटा लालमोहन अरु चाहियो । सन्त तुकाराम भन्नु हुन्थ्यो-वाहिरमायासँग लड्न सजिलो छ । मनमा चल्ने द्वन्द कठीन छ । मनलाई नियन्त्रण गर्न सकेनौं भने यसले कहाँ पुऱ्याउँछ कुनै भरोसा छैन । यो मित्र, शत्रु पनि हो । जसको उक्ती तथा कृति एकै छ त्यो सम्मानको पात्र हो । कयौं पटक राम्रो के हो भन्ने जान्दाजान्दै पनि व्यवहार त्यस्तो भएको हुँदैन । आफ्नो भव्य ध्येय संकल्पलाई सिद्ध गर्ने साधन रुपी व्यक्ति पनि उच्च स्तरको हुनुपर्छ। यस दृष्टिबाट उसको निजी शक्तिको स्तर निरन्तर उच्चतम रहोस्-यसको प्रयास हामी गर्छौं ।

आफ्ना कार्यकर्ता लालटिनको शिशा समान हुन्छ। किन भने त्यसैबाट कार्यकर्ताको मनमा अग्नी शिखाको रुपमा बलेको ध्येय संकल्पलाई समाजले देख्न सक्छ। तथा हावाको झोकाबाट बत्तिको रक्षा गर्दछ । यदि त्यसमा धुलो जम्यो वा कुनै रंगले रंगियो भने त ध्येय दर्शन गलत देखिन्छ या मलिन हुन्छ। यस्तो दोष कार्यकर्ताको मनमा आयो भने संगठन बिग्रन्छ। त्यो जुन क्षेत्रमा काम गर्दछ । एकनाथ जी रानडे भन्नुहुन्थ्यो-क्षेत्र हेरेर कार्यकर्ता वा कार्यकर्ता हेरेर क्षेत्रको अन्दाज लगाउन सकिन्छ। आफ्नो कार्यपूर्तिको निम्ति विनम्र भाव जब कार्यकर्ताको मनमा उत्पन्न हुन्छ त्यसमा पनि यसको प्रभाव पर्दछ। तब त्यो आफुलाई साधन मानेर त्यसलाई उत्तम बनाउने प्रयास गर्दछ ।

आफ्नो काममा तनमयता पूर्वक लागेको कार्यकर्ता उसैको हुन जान्दछ र जीवनमा
अन्य कुनै कुराको कुनै स्थान बच्दैन। ध्येय प्राप्तिको निर्णय व्यक्ति आफ्नो किसिम
अनुसार गर्दछ। त्यसमा भौतिक लाभ देख्दैन। मानसिक र भौतिक दुवै त्याग गर्दै
उ आफ्नो जीवन रचना गर्दछ।

आफ्ना कयौं कार्यकर्ताहरुको क्षमता यस्तो हुन्छ कि यदि लौकिक काममा लागेका
भए बंगला, कार, उच्चपद आदि सब हासिल गर्दै सुखसँग जीवन बिलाउँथे। तर
यो काम गर्नाले जुन आनन्द मानसिक शान्ति उसलाई प्राप्त हुन्छ, त्यहाँ शायद नै
मिल्न सक्थ्यो ? आफ्ना कार्यकर्ता यसको निम्ति काम गर्दछन कि 'द वेस्ट शुड
सफर सो डंट द रेस्ट मे प्रास्पर-यस्तो काममा त्यो आफ्नो परिवारलाई पनि
विस्तारै-विस्तारै अनुकुल बनाई दिन्छ। यदि घरमा अनुकूलता भएन त मानसिक
स्वास्थ्य एवं सन्तुलन बनाउँन सम्भव नै छैन । यसमा केवल कार्यकर्ताको त्याग
होइन पुरै परिवारको नै त्याग रहन्छ। यस्तो धनुमा स्वयंलाई भुलेर वर्षौंसम्म यस्तो
परिवार काममा जुट्दछन। एकदिन जल्नु सजिलो छ जीवनभर जलिरहनु अत्यन्त
कठिन छ। एक श्रेष्ठ पुरुषको चित्रको तल लेखेको थियो-'टीच अस हाऊ टु लिव्ह'
संघले देशको लागि मर्न मात्र होइन बाँच्न पनि सिकाउँछ।

**विश्यसनीयता**

कार्यक्रर्ताको लागि हामीले कुनै एक मापदण्ड तयार गरेका छौं त्यो हो त्यसको
विश्वसनीयता। क्षमता, कुशलता एवं तत्परता राम्रो होस तथा कार्य प्रति निःस्वार्थ
प्रतिबद्धता हुनसकेन भने त्यो कस्तो कार्यकर्ता ?
एउटा दृष्टिले हामी भन्न सक्छौं कि हाम्रो संगठन बहुलाहरुको संगठन हो ।
किनभने व्यवहारिक चातुर्यताको पूरा अभावमा हामीमा छ । यस्तो होइन कि
हामीले जानी बुझी तय गरेका छौं, हामीले जान्दैनौ कि चलाकी के हो ? तर
समर्पित भावले काम गर्न अन्य मार्गको चयन नगर्नु यो हामीले राम्रोसँग बुझेका
छौं। आफ्नो ज्ञाननीति पद्धति र मूल्यसँग सम्झौता नगर्नु तथा सफलताको लागि
छोटो बाटो नअपनाउनु यो हामीले तय गरेका छौं।
एउटा कुरा ध्यान दिन लायक छ कि धेरै बुद्धिमानी तथा चतुराईले थोरै समयको
लागि मानिसहरुलाई भ्रममा पार्न सकिन्छ। सधैंभरि र बढी समय सम्म होइन वा
हित सम्बन्धहरुका लागि गरीन्छ। यस्तो चतुराई निहित स्वार्थ तर आफ्नो काममा

केही पाउनु छैन, केवल दिनु नै छ। राष्ट्रदेवताको पूजनमा चडाइएको फूलको रुपमा जब कार्यकर्ता स्वयंलाई देख्दछ। तब अनायास त्यसका अहंभाव विलय हुनजान्छ। चेग्वारा क्युबाको सेन्ट्रल बैंकको गभर्नर बन्नु भयो तर दक्षिण अमेरिकन देश बोलिभियामा संघर्ष सुरु भयो तब उनी पद छोडेर जंगल तर्फ गए। त्यही उनको मृत्यु भयो। मृत्युको समय उनी निकै बिमारी थिए। प्रचण्ड मनोवलको कारण समर्पणको भाव जाग्दछ। आपद स्थितिमा अस्वस्थ भएको माधवरावजी मुलये लगातार तानाशाहीको विरुद्ध भूमिगत संघर्षमा व्यस्त रहे। आपतकाल पछि उनको मृत्यु पनि भयो। नक्सली आन्दोलनका प्रणेता चारु मजुमदारले घोर बिमारीको अवस्थामा जंगलमा बसेर नयाँ क्रान्तिकारी आन्दोलनलाई बढी सक्षमताका साथ चलाए। सरदार वापु गोखले हजामत बनाउदा घाउको कारण आःह भर्न थाले। हजामत गर्ने नाईले असहज माने। तब हातमा भाला लिएर उसको खट्टामा प्रहार गरे। हजामत बनाउँदाको समयको मानसिकता तथा जंगमा भाला चलाउने बेलाको मानसिक स्तर अलग-अलग हुनसक्छ, व्यक्ति एकै किन नहोस। रोटी पकाउँदा औंलाहरु पोलिनाले ऐया-ऐया गर्ने महिला आगो लागेको समयमा खसेको बच्चालाई निकाल्नको लागि आगोमा हाम फाल्छिन्। उसको शक्ति को यो कुन स्तर हो ? यो मनोवल उचित र पर्याप्त चुनौति/आह्वानमा उसलाई प्राप्त पनि भयो र प्रकट पनि भयो। आफ्नो कार्यमा यस्तो आह्वानमा हामीलाई आफ्नो अधिष्ठानबाट प्राप्त हुन्छ।

ध्येयको साथ एकात्म भाव ध्येय सँग एकात्म हुनाले कार्यकर्तामा नयाँ उत्साह प्राप्त हुन्छ, आत्मविश्वास उत्पन्न हुन्छ। यसको आधारमा एक्लै पनि उसले अनेकौं चुनौतिहरुको सामना सहजता पूर्वक गर्न सक्छ। आर्य चाणक्य भन्नु हुन्छ कि मेरो बुद्धि मलाई छोडेर नगए त सयकडौं सेनाहरुको साथ बलवान नन्द साम्राज्यलाई म नष्ट गरिदिनेछु। पेशवा बाजीरावले भन्नु भयो कि यदि छत्रपती शाहले आज्ञा दिए भने म सेना संगठित गर्नु, कोष निर्माण गर्नु तथा साधन जुटाउन यि सबै काम हामी गर्नसक्छौं। केवल तपाईको आर्शीवाद चाहियो। पेशवासँग त्यतिवेला कुनै साधन सामाग्री थिएन। पछि बाजीरावले ठुलो दिग्विजय गरेर देखाए।

लिपजिङ्गको लडाईमा नेपोलियनका सरदारहरुले भने कि हामी जम्मा पचास हजार मात्र छौं। तर दुश्मन सेना डेढ लाख छन। कसरी सामना गर्न सकिन्छ ? सम्राटले

भने तपाईहरु पचास हजार र म एक लाख त भयो बरावर सम्राटले नै जिते। गुरु गोविन्द सिंह भन्नु हुन्थ्यो कि मेरो एक फौजी सवा लाख दुश्मनसँग लड्नेछ तब गुरु गोविन्द सिंहको नामबाट म परिचित हुनेछु।

पहिले विश्वयुद्धमा फ्रान्सीसी सरदार फांकले कमाण्डर जनरल जाफ्रेलाई संदेश पठाउँदै भने की मेरो दाहिने पाखुरो पछाडि हट्न गएको छ र विच भाँचिएको छ। तर पनि स्थिति राम्रो छ म हमला गर्छु। उसले जित्यो।

दोश्रो विश्वयद्धमा फ्रान्स पूर्णरुपले हारिसकेको थियो। अगाडी के गर्ने यसको एक बैठकमा जर्नेल द गॉल गए। उनले आत्मसमर्पण स्वीकार गरेनन्। लण्डन गए, विस्थापित सरकार बनाए र आखिरमा जिते। उनले लेखेका छन लडाइको कुनैपनि साधन मसँग थिएन, भनिन्छ- क्रियोसिद्धि सत्वे भवती महताम नोयकरणे।

शिवाजी महाराजले सरदार बाजी प्रभु देश पाण्डेले घोडाखिंडमे केहि चुनिएका सैनिकहरुको सहयोगले हिम्मतको साथ दुश्मनलाई कयौं घण्टा रोकेर हिम्मतको साथ युद्ध लडीन्। रगतले लतपतिऐका बाजी तबसम्म टिकीरहे जबसम्म छत्रपति महाराजको खुसीको खबर उनले सुनेनन। ईसा पूर्व ४८८ मा रोमको टायवर नदीको पूल काटेर रोमलाई बचाउँने प्रयासमा दुश्मनको ठुलो फौजको विरुद्ध 'रेटासिअस' आफ्ना दुई मित्रका साथमा अन्तिम सम्म दुश्मनसँग लडिरह्यो।

जब मित्र घाइते भए तब एक्लै उभिएर सामना गर्दै रोमलाई बचायो आत्मविश्वासको आधारमा नै केही चुनिएका मानिसहरुले विश्वमा ऐतिहासिक परिवर्तन ल्याए। लेलिनले यसलाई 'डिटर मिनड् मायँनारिटी' भनेका थिए। कार्यकर्ताको आदर्श निष्ठा, निश्चय, धैर्य, साहसबाट जय-पराजय तय हुन्छ। संख्यावलको भरले होइन। जब व्यक्ति अहम्लाई भुल्न जान्छ एवं स्वयंमको ध्येयमै विलिन गर्दछ तब ध्येय अतिरिक्त शक्तिको त्यो वाहक बन्न जान्छ। परन्तु बाजी प्रभु अथवा हैटशियस जस्ता व्यक्तिहरु भित्र यति धेरै शक्ति कसरी आउँदछ ? यति साहस उनी कसरी गर्न सक्छन। ध्येय प्रति समर्पित कार्यकर्ता निरहंकारी बनेर जब एकीकृत आउछन त शक्ति बन्धनको सुत्र अलग हुन जान्छ। त्यो एक र एक मिलाएर दुई होइन एगारह बन्न जान्छ र जब तेश्रो उभिन्छ त १११ हुन जान्छ। त्यस्तै कार्यकर्ता विपरित स्थितिमा

पनि धैर्यता नछोडेर स्थिर चित्तले काम गर्न सक्दछन । सुख दुःख, लाभहानी, जय, पराजय, यस्तो सबै स्थितिमा आफ्नो सन्तुलन बनाउदै मात्र धर्मको लागि युद्ध गर्नु । जय होस् वा पराजय यो हेर्न जरुरी छैन । यो आफ्नो कर्तव्य थियो । हामी कार्य गर्दै जाने छौं त्यसको फल के हुन्छ यसको चिन्ता नलिनु । काम गर्नु नै एक पुरस्कार हो यस्तो कार्यकर्ताको मन बन्दछ । कार्यकर्ता कहिल्यै निराश हुदैनन् । हिमालयको शिखरमा चढ्नको लागि पहिलो कदम राख्नु पर्छ र त्यो सानो हुन्छ यो यस्तो कार्यकर्ता जान्दछन । सिद्धः य सिद्धयोः, निर्विकार :....यस्तो उसको वृत्ती रहन्छ । मालिक र नोकरको मानसिकता पैदा हुँदैन । हिम्मतले लामो हिड्ले मानसिकता बन्दछ । जसको मनमा ध्येय छैन त्यो कल्प बृक्ष मुनि बसेर पनि कार्यसिद्धि गर्न सक्दैन । विपरित परिस्थितिमा कार्यकर्ताहरुको कर्तत्व प्रकट हुन्छ । अस्थिर असंतुलित मानसिकताका व्यक्ति यस्तो समयमा कायरताको शिकार बन्दछन । बहादुर व्यक्ति एकपटक मर्दछ र काँतर व्यक्ति सयौं पटक मर्दछ । सेक्सपियर भन्दछन कि- कॉवडस् डाय मेनी टाईमस् बिफोर देअर डेथ । बहादुर चुनौतिलाई हिम्मतको साथ अवसरमा बदली दिन्छ ।

राजा विल्यम इंल्याण्डको भुमिमाथि आक्रमण गर्नको लागि आयो । समुद्रको किनारामा चिप्लियो । हिलोमा उसको हातको लामो छाप लाग्यो । सैनिकहरुले भने कि मेरो हस्त मुद्रा भूमिमा लागेको छ त आफ्नो विजय निश्चित छ । फौजलाई अगाडी लिएर गए र पछाडी सबै जहाज जलाई दिए । फिर्ता आउने कुनै बाटो बचेन । सैनिकले पूरै बहादुरीको साथ बिजय प्राप्त गरे । बद्शगुनलाई शुभ शगुनमा प्रस्तुत गरेर । आपत्ति देखि अवसर माँगेर अनुयायीहरुको जसले बढाउँछ त्यही सही नेतृत्व हो ।

कार्यकर्ता कुनै कारणले कहिले काहि विचलित हुने गर्दछन । भूतकालको कमीहरु, गल्तीहरुको पछुतो, जो पिछडिए उनीहरुले सिके, जसले हासिल गर्न सकेन त्यसको लल्कार भविष्यको बारेमा आशंका एवं वर्तमानको दबाव । यो सबैबाट कार्यकर्ताहरु स्वयंलाई बचाउन चाहन्छन् । मनमा उत्पन्न भएको कमजोरीको कारण स्वयं स्वतन्त्र वीर सावरकर पनि एक पटक विचलित हुनु भएको थियो । परिस्थितीको चिन्तन गर्नु एउटा कुरा हो र चिन्ता गर्दै रहनु अर्को कुरा । भगवान भन्नु हुन्छ कि

काम गर लडाई गर तर यो गर्ने बेलामा दवावमा नरहनु युद्धयस्व विगतः ज्वरः यो प्रत्येकले हृदयमा अंकितगर्नु जरुरी छ । जब नदिको पुल अहिले टाढा छ तब त्यसको बारेमा अहिले देखि चिन्ता गर्नु कि कसरी पार गरिने छ, यो ठीक होइन । यसको मतलब भविष्यको बारेमा केही सोच्नुनै होइन । जती जरुरी छ त्यती विचार गर्नु तर कल्पित सम्भावनाहरुको बारेमा अल्भिनु हुदैन । विभिन्न वैकल्पिक योजनाहरु तयार राख्नु नेपोलियन सम्राट भन्दथे-रुस माथि विजय र स्वदेशमा आएको आक्रमण दुबै नै मेरो वैकल्पिक योजनाहरु नै दुबै खल्तीमा राख्दछु भविष्यकाल अनिश्चित हुनुको कारण योजनाहरु लचिलो बन्नेछन तर प्रवाह पतित हुनु हुँदैन । सफलतामा अटल विश्वास हुनु पर्छ । यदि यो कार्य ईश्वरको हो र हामी पूर्ण समर्पित भावले त्यसलाई गर्छौं तव चिन्ताहरु त्यसमाथि छोडिदिनु ।

## निरहंकारी आत्मविश्वास

जब मोहमद साहव मक्का छोडेर भागे तव तिनका साथी अबु बकर थिये । दुबै एउटा गुफामा लुकेर बसे अबु ले भने-त्यसको ताकत बढि छ कसरी बच्ने ? मोहमद साहवले भन्नु भयो कि अल्लाहको साथमा हामी तीन यहाँ छौ र यसैले हामीलाई कसैले मार्न सक्दैन ।

एक दृष्टिले हेरियो भने आत्मविश्वास र अंहकारमा सीमा रेखा धेरै पातलो छ । जब सम्म मन अपरिपक्व छ तब सम्म अहंकारले पनि मान्छेलाई काम गर्न प्रेरणा दिन्छ । एक दृष्टिले कार्यकर्ताको सबल नै छ । किनकी अहंकार रहेन भने निष्क्रियता आउने छ काम पनि हुने छैन र काम बिना कार्यकर्ता कस्तो ? तर सम्भ बुभ को पछाडी पनि यदि मनमा अहंकार बनिरह्यो त यस्तो अहंकार खतरनाक हुन्छ त्यो व्यक्तिमा गिरावट ल्याउने छ ।

कार्यकर्ताको मनमा यसैले निरहंकारी आत्मविश्वासको भाव हुनुपर्छ । यस्तो कार्यकर्ता जब धीरजको साथ काममा डटि रहन्छ ।तब सुविधाहरु कति हुन्छन ? साधन कुन हो ? यसको उसलाई चिन्ता रहदैन । रावण रथी विरथ रघुरायी भएमा पनि राम रावण युद्ध चल्न सक्छ र राम विजयी हुन्छन । कौरवहरुले भगवान सँग सेना मागे अर्जुनले भगवानलाई नै मागे किन कि साधनहरुको संख्या र गुणमा जुन अन्तर छ । त्यो कार्यकर्ताले सम्भन्छ ।

कार्यकर्तालाई नि:स्वार्थ भावले काम गर्न कुनै प्रलोभन लोभ्याउन सक्दैन न कुनै डरले हराउन सक्छ। अमृत मन्थनको समय सबै कार्यको उद्देश्य थियो अमृत प्राप्त गर्नु। मन्थनबाट अनेक किसिमका रत्नहरु पनि आए एवं कालकुट विष पनि आयो तर देवताहरु डराएनन्। भारतको खोजमा डटिरहे कोलम्बस तुफनी समुद्रको प्रवाह नगरिकन महिनौं चलिरहे तर आखिरमा उनी जमीनमा पुगिनै हाले। कवी फाँस्टरले लेखेका छन कि गोरेटो देखि जादै गर्दा मलाई लोभ्याउने छायाँ देखिन्छ। तब पलभर लाग्दछ कि अलि ढिलो जाँउ। तर धेरै टाडा हिडिरहने मैले बचन दिएको छु परन्तु तपस्या गर्दै जुन सिद्धि प्राप्त भयो उसको भवंडरमा चाँगदेव फसि रहे र अगाडि उनको विकास अबरुद्ध भयो। संत आँगस्टीनले यस्तैनै प्रभु सँग प्रर्थना गरेकि मलाई नै राम्रो बनाऊ तर अहिले होइन। राम्रो भोक अहिले मिलिरहेको छ त्यसलाई म छोड्न चाहेन।

## नेतृत्वको कसौटी

वरीपरी चलिरहेको गतिविधिहरुको आवश्यक त्यति अवधान राख्दै आफ्नो अन्तिम लक्ष्यमा ध्यान केन्द्रित रहोस। जस्तो अर्जुनले मात्र चराको आखा देखेर नै तीर चलाउन तैयार हुनु भएको  थियो। कार्यकर्ताको मल्टी डायमेंशनल विजन हुनु पर्दछ। तर पाँइटेड कॉन्सन्ट्रेशन  हुनु पर्दछ। केहि कार्यकर्ता अनुभवको आधारमा क्षमताको आधारमा पछि आफ्नो रचना भित्र केहि खास जिम्मेवारीको लागि छनौट गरिने छन्। यसैले नेतृत्वको केही श्रेणी बन्न आवश्यक छ।

आफ्नो नेतृत्वको अवधारणा आफ्नो कार्यपद्धतिको आधारमा नै हामीले विकसित गरेका छौ। कार्यको रगडाईले अहंकारको मिलावट जल्न जान्छ। तब त्यो नेतृत्व गर्न लायक कार्यकर्ता  बन्दछ। सम्राट नेपोलियन को सोच जस्तै व्यक्ति माथिल्लो पदमा जानेछ तब त्यसको अनुसार उसको मूल्य बढ्ने छ यसमा हामी सहमत छैनौं। हाम्रो परम्पराको सोच भन्छकि राजप्रसादको शिखरमाथि बसेर कौवा गरुड हुन सक्दैन। र जमीनमा बसेर गरुड कौवा हुन सक्दैन। मोहमद साहबले नेता चुन्दा जसलाई उहाँले धनीको संज्ञा दिन्थे। एउटा कसी सबैका अगाडी राखे भने कि म प्रत्येक ठाउँमा आउन सक्दैन। एउटा संकेत ध्यानमा राख। जसलाई अमिर बन्ने अलिकति पनि इच्छा छैन त्यसैलाई धनी बनाऊ।

दिनदयाल जी प.पू श्री गुरुजी सँग भनि रहनु हुन्थ्योकि यस राजनितिको झन्झटमा किन हाल्नु ? प.पू श्री गुरुजीले भन्नु भयो कि जब तिमीलाई रुची उत्पन्न हुने छ। तब तुरुन्त यस क्षेत्र देखि तिमीलाई निकाल्दिन्छु। जुन संकेत नेतृत्व चयनको बारेमा श्री गुरु जीले दिएका छन त्यो हाम्रो लागि महत्वपूर्ण छ।

## पारिवारीक नेतृत्व

नैतिक र पारिवारीक नेतृत्व यो आफ्नो नेतृत्व हो । हामी संवैधानिक नेतृत्वको पक्षमा छैनौं । जब नेतृत्व गर्ने कार्यकर्ता स्वयं मूल्यनिष्ठ रहन्छ र हरेक मूल्यमा आफ्नो मूल्यनिष्ठासित जोडिरहन्छ तब नै नैतिक र पारिवारिक नेतृत्व पनि खडा हुन्छ। दीनदयालज्यू जातीको नामबाट भोट माग्न हुँदैन भनि मनाही गर्नु भयो। चुनावी हारलाई स्वीकार गर्नु भयो तर मन्यतासँग सम्झौता गर्नु भएन। डा. अम्बेडकर सन-१९५४को भंडारा चुनावमा यसकारण हारेकी उनका अनुयायीहरुलाई अर्को क्रमाङ्कको मत दिनको लागि उहाँले बाध्य गर्नु भयो। उनले भने कि संविधान मैले बनाएको हो त्यस कारण यस्तो गैर संवैधानिक कृत्य म सहन गर्न सक्दैन । उनी चुनाव हारे।

जब वरिपरि अवसरवादी बायुमंडल छ भने त्यस्तोमा यस्ता मूल्यनिष्ठ व्यक्ति एक्लो बन्न जान्छ । जब डा. हेड्गेवारले भन्नु भयो कि-यो हिन्दूराष्ट्र हो । त्यतिबेला उहाँ एक्लै हुनुहुन्थ्यो। पहाडका टुप्पोमाथि स्थित रुखको कवितामा जे कृष्ण मूर्ती भन्दथे कि-यो एकान्तपन यो ठूलोपनाको मूल्य हो, यदि चुकाउन सकिएन भने आशा नगर, नेतृत्व गर्न सकौला।

## नैतिकता

यस्ता कार्यकर्ताहरुको निजी जीवन पनि निस्कलंक हुनु पर्छ। निजी जीवनमा एक र सार्वजनिक जीवनमा अर्को, यस्तो दोहोरो मापदण्ड चल्न सक्दैन। स्वेच्छाचारी पश्चिमी जगतमा पनि यस्ता कार्यकर्ताहरुको आचार माथि पनि कडा निगरानी हुन्छ। ईंग्ल्याण्डका मंत्री-प्रोफयमो,अमेरीकन राष्ट्राध्यक्ष-प्रेसिडेन्ट केनेडी एवं क्लिन्टन प्रति त्यहाँका विचारक र समाज शास्त्रीहरु विरोधमा थिए। बामपन्थी विश्वमा प्रतिपादित इंकपट थ्योरीको प्रचलनबाट यस्तो आभास हुन्थ्यो कि नैतिकतालाई

धेरै महत्व दिइनु हुन्न । तर लेलिन र ट्रोटस्कि जस्ता सजग नेताहरुले यस्तो विचार प्रणालीलाई धिक्कार गरे र अनैतिक आचारणको विरुद्ध चेतावनी दिए। अंग्रेजीमा एउटा उखान छ कि-सिफरकी पत्नीको बारेमा अफवाह हुनुहुदैन । यो ध्यानमा लिनु उपयुक्त हुन्छ। राम्रो व्यवहार गऱ्यो भने यश कृति पद प्रतिष्ठा प्राप्त हुन्छ भनेर लालच दिनु पनि नैतिकताको अपमान गर्नु  हो। किनभने नैतिकता नै नैतिकताको पुरस्कार हो । आत्मिक शान्ति र आनन्द यही यसको फल हो ।

**नित्य सावधान**

कार्यकर्ता जब नित्य सावधान र सजग हुन्छन तब उसको नेतृत्व सिद्ध हुन्छ। तेश्रो खलीफा उमर पहिले आफूले गुलियो खान बन्द गर्नु भयो। त्यस पछि दोश्रो पटक भेट्न आएका बच्चालाई सम्फाउँदै भने-गुलियो नखाउ यो साच्चै खराब बानी हो। यदि आफ्नो कुरा अर्कोलाई मनाउनु छ भने त्यो कुरालाई स्वयं आफूले अपनाएको हुनु पर्छ। यस्तो आचरणको प्रभाव मानिसहरु माथि पर्दछ र एउटा आदर्श प्रस्तुत हुन्छ। आफ्नो बारेमा सावधान रहनु अत्यन्त कठिन  कुरा हो। कठोर आत्मपरीक्षण नित्य गर्दै रहनु यो अनिवार्य शर्त हो। पशिचमी चिन्तक-रुसोको आत्मचरित्र कम्फेसनमा रुसो भन्नु हुन्छ किं -जस्तो म छु,त्यस्तै मैले स्वयंलाई प्रस्तुत गरेको छु। म पनि तरस्करणीय र अधर्मी थिए, जीवनी लेख्दाको समय यस्तै सच्चाईको पुरस्कार लिओ टालस्टायले पनि गरेका थिए । अमेरिकाका लार्ड क्रामवेलले आफ्नो चित्र देखे। चित्रकारले चित्र बनाउँदै गर्दाको समयमा अनुहारको कोठी देखाएका थिएनन्। उनले भने-यो चित्र सही छैन ।

जसले आफ्नो आन्तरिक बल माथि निर्भर रहन्छ त्यो कार्यकर्ता आफ्नो छवीको पछि नलागि आफ्नो असली पहिचानद्वारा नै समाजको नेतृत्व गर्दछ। आफ्नो दोष जसले देख्दैन त्यो कस्तो कार्यकर्ता ? जीफसले पत्थर हान्ने वालाहरुसित भने जसले जिन्दगीमा कुनै पाप गरेको छैन, त्यही व्यक्ति यस महिलालाई पत्थर हान । मानिसहरु ले संकेतलाई सम्फे र पत्थर हान्न बन्द  गरे। जो स्वयंलाई बडो नैतिकवान् मान्दछ, त्यो अरुप्रति तुच्छताको भाव पनि राख्दछ। मानौं उसलाई नैतिकताको नसा चडेको छ, अरुको कमी कमजोरी कुँदेर त्यसको चर्चा गर्नु यसमा यस्ता कार्यकर्ता लिप्त भएको पाईन्छ। यसबाट बच्नु पर्दछ।

कार्यकर्ताको आ-आफ्नो सीमा हुन्छ। सतत आत्मनिरीक्षण गर्नाले त्यस तर्फ ध्यान पनि पुग्छ। जब यस्तो सीमा ध्यानमा आउँछ तब उचित सक्षम व्यक्तिको हातमा नेतृत्वको बगडोर सुम्पन उसलाई हिचकिचाहट हुँदैन। इटलीका राष्ट्रपिता जोसेफ मझिनी एक सिपाहीको नाताले हातमा बन्दुक लिएर गैरी बाल्डीको फौजमा सामेल भए तथा लडाई जीते पछि गेरी बाल्डी इटलीको नेतृत्व प्रधानमंत्री कैहुर लाई सुम्पेर उनी आफ्नो गाउँ कप्रीमा खेती गर्न गए।

महानन्दलाई परास्त गरेर चन्द्र गुप्त सम्राट बने। यो क्रान्ति आर्य चाणक्यले गराएका थिए तर जन कार्य पुरा भयो त राक्षसलाई प्रधानमंत्री पद दिएर स्वयं तपस्याको लागि विजनवास गई हाले। लोकमान्य तिलकले गान्धीसँग भने कि असहकारको तन्त्र तपाई जान्नु हुन्छ, त्यसैले तपाई नेतृत्व गर्नुहोस। गान्धीको नेतृत्वमा सन १९२४ को वेलगाउँ काँग्रेसमा प्रस्ताव पारित भयो कि सरकारमा जानु हुँदैन। केहि नेताहरुले यसको विपरित आफ्नो मत राखे। छ महिना प्रवास गरे पछि गान्धीले भने-अब मानिसहरुको मन बदलिएको छ। मेरो बहुमत रहेन, यसले अध्यक्ष पदबाट राजीनामा दिएर गान्धी जीले मोतिलालसँग अनुरोध गरे कि उनी अध्यक्ष बनुन।

निल आर्मस्ट्रांगकले भने-म चन्द्रमा माथि गएको थिए तर यो सफलता अपोलो टीमको हो मेरो होइन। कार्य सिद्धिमा प्राप्त यश को बारेमा जब विनम्रभाव रहन्छ तब सामुहिकता उजागर हुन्छ। सही नेतृत्वको यही लक्षण हो। जार्जवाशिंटनले अंग्रेज उपानिवेशको विरुद्ध विजयी सत्ता संघर्ष गरे। जब जीत नजीकियो तब नेतृत्वको होड लाग्न थाल्यो। फौजले भन्यो कि गलत व्यक्ति सत्ताशीन नबनोस यसैले वाशिग्टन नै सत्ताधीश बन्ने छन। तै पनि उहाँले आफ्नो पदको राजीनामा दिए। संविधान समिति बनाईयो। चुनाव लडे र चयनित अध्यक्ष बने। बाजीराव पेशवाले उत्तर दिग्वीजय पछि लेखे कि जनताले हामीलाई स्वामी भनेर पुकार्दछन, तर मेरो स्वामी त सातारामा बसेका छन। यस्तो विनम्रता नेतृत्वलाई शोभा दिन्छ। यस्ता विनम्र कार्यकर्ताको मन कार्यसिद्धि पछि पनि विनम्र रहन्छ त्यसमा अहंकार आउँदैन। अग्रेज सेनाको अधिकारी गार्डन सुदानमा थिए। वहाँले लेखेका छन कि

आराम चलाउँछ, चलाउँने भगवान हुन । प.पू. श्री गुरु जीले भन्नु भयो कि आफ्नो कार्य तत्वनिष्ठा हो व्यक्तिनिष्ठा होइन । यसैले मृत्यु पछि त्यहाँ रिक्तता हुँदैन । ईश्वरीय कार्यमा व्यक्ति अनिवार्य कहाँ पो छ र ।

कार्यको अन्तिम विजयको बारेमा विश्वास र व्यक्तिगत आत्मविश्वास यो दुबैमा सीमा पातलो हुन्छ । यस दृष्टिले यदि म रहँदै हामी कामयाब हुँदैनौ तब ईश्वर दोश्रो कसैलाई चुन्ने छन् तर कार्य यशस्वी हुनेछ । यो भाव कार्यकर्ताहरुको मनमा रहन्छ । संगीतको धुन अखण्ड गुँजिने छ, बासुरी भाँचियो भने बाँसुरी बदल्ने छु । यस्तो निरपेक्ष भावबाट ध्येय मग्न कार्यकर्ता जीवनका अतिम समय सम्म काम गरी रहन्छ । अलेक्जांडर पोप आफ्नो कवितामा लेख्छन कि- मेरा चियान स्थानमा एउटा ढुंगा पनि नलगाउँनु आफ्नो गीतमा हामी भन्दछौं-कार्य मग्नता नै जीवन हो । मृत्यु नै विश्रान्ति ।

नासिकको संघ शिक्षा वर्गमा गाडी चलाउँदै पुगेका बीमार प्रान्त संघचालक बाबाराव भिडे को त्यही अन्त्य भयो । सन १९८६ को विजयवाडा कार्यक्रममा मंचमा उपस्थित संघचालक जीको परिचय गराएर विभाग कार्यवाह अंजनेयलू त्यही पछारिए, उहाँको देहान्त भयो । सन १९८४ मा एकात्मता यज्ञको सभामा सुचिंद्रम यस्तै नै दुनियाँ छोडेर गए । भारतीय मजदुर संघ इंदोर वर्गमा एक घण्टा बीस मिनेट यस्ता नामहरुको सूची बन्दै गयो, जुन काम गर्दै गर्दा शहीद भए ।

तर मर्ने बेलासम्म कार्य मग्न रहनु यसको शर्त यही हो कि मानसिक क्षमताहरु, कार्य तत्परता बची रहेको होस । दोश्रो विश्वयुद्धको अगाडि अध्यक्ष रुजवेल्टको स्वास्थ्य राम्रो थियो तर पछि युद्धोन्तर वार्ताको समय त्यति रहेन । यसैले पूर्व युरोप ठुलो क्षेत्रमा स्टालिन आफ्नो प्रभाव बनाउँन सके । सन १९७९ मा फ्रान्सका राजा कमजोर थिए । यसैले रानीको हातमा सत्ता गयो र परिणाम स्वरुप फ्रान्स परास्त भयो । इरानको रम्हा शहा पहलवी अस्वस्थ भएर रानीको मनमानीले सत्ता गुमाउँनु पऱ्यो । चीनको माओ विरामी भएर युवा पत्नीको हातले जुन पतन भयो त्यो सर्वविदित नै छ । शारीरिक, मानसिक दुर्वलताको कारण यदि कार्यमा नराम्रो प्रभाव देखियो त जिम्मेवारी देखि कार्यकर्ताले तुरुन्त मुक्त हुनुपर्छ । तै पनि निर्णय प्रक्रियाबाट स्वयंलाई टाढा राख्नु र त्यसबाट निवृत्त हुन यति सजिलो छैन । बुढो भएर पनि पारिवारीक निर्णय गर्ने आग्रही मानसिक जीवनको अन्तिम चरणसम्म चल्न सक्दैन ।

## अहंकारको बाधा

यस्ता राम्रा ध्येयनिष्ठ र निरहंकारी कार्यकर्तालाई सजगता अपनाउँनु पर्छ। नत्र भने ध्येयबादमा अहमताको मिलावट आउँन सक्छ। सगरमाथामा भगवा फहराउँनु छ यो नारा दिदै त्यो सोच्ददछ कि मैले नै फहराउँने छु। डी.पी मिश्रा मंत्री थिए, राजनीतिमा खेल  खेल्दथे। हिन्दुवादी पनि थिए तर त्यो भन्दा माथि उनको अहमता धेरै थियो। मैले देशकार्यको लागि पूरा जीवन समर्पित गरेको छु यस्तो ध्येयवादको अहंकार पनि कार्यकर्ताको विकासमा बाधा पुऱ्याउँछ। रातदिन प्रचारकले काम गर्दछ तर त्यो प्रणामको अधिकारी होइन। यो त अहंकारलाई धक्का लगाउँनेवाला कुरा शुरु-शुरुमा व्यक्तिहरुलाई लाग्दथ्यो। नागपुरमा एक नयाँ प्रचारकले यो भनेका थिए कि- हामी प्रचारक हौं। आफ्नो प्रतिष्ठा बनिरहनु पर्दछ। पाहुनाहरुको सामान उठाउनु हाम्रो काम होइन। हामी नोकर होइनौं तर जब पूजनीय श्री गुरु जीले उनको घरमा दिल्लीका संघचालकको चिया बनाए तब जानकारी भयो कि सरसंघचालकको पनि चुलो बारेर चिया पकाउँन सक्छन। तर हामी अतिथिको सामान उठाउँन सक्दैनौं। हात खुट्टा भाँचिए पनि शरीर चल्न सक्छ। तर हृदयको क्रिया बन्द भए पछि तब,त्यसलाई मृत्यु भनिन्छ। आफ्नो रचनामा जिम्मेवार कार्यकर्ता हृदयको समान हो। जसले पूरा संगठन चलाउँदछ तर त्यो देखिदैनन्। यस्ता काम गर्नेवाला ध्येय समर्पित कार्यकर्ता मनमा अहंकार नहोस् यो आफ्नो प्रयास हुनुपर्छ। प.पू.डाक्टर जी भन्नु हुन्थ्यो आफ्नो नै समाजको लागि गरिएको त्यागलाई कसरी त्याग भनिन्छ ? इशावास्य उपनिषदमा भनिएको छ कि ईश्वरको उपासनाको अहंकार पनि घोर अन्धकारमा डुबाउँछ। निरहंकारी कार्यकर्ता जसलाई योगी अरबिन्द आत्मविलोपी भन्दछन् त्यही आफ्नो आधार हो। प.पूजनीय श्री गुरुजीले सबै भन्दा सानो सन्देश धर्मयुग पत्रिकालाई दिए-म होइन तिमी नै।

## विनम्र नेतृत्व

विनम्र नेतृत्वको इतिहासमा कयौं आदर्शहरु अगाडी आउँछन। राजसूय यज्ञमा भगवान श्रीकृष्णले जुठो पातल उठाउनु भयो। १९१६ मा काँग्रेस अधिवेशनको समयमा दक्षिणबाट आएका प्रतिनिधिहरुको लागि तिलक जीले पानी तताई रहेका

थिए। गान्धीजीले माऊंटबेटन सित भन्नु भयो-सहयोगीलाई उपचार दिनु छ यसैले वार्ता बाट पहिल्यै नै निस्कने छु। मोहमद साहवले मदिना मस्जिद बनाउने काममा ढुंगा बोके । टोउकोमा अप्पाजी का नातेदारको स्वास्थ्य परीक्षण कार्यकर्ताहरुले गराउँन नसकेकोले डा. हेड्गेवार स्वयंले उनलाई वर्धा पुऱ्याउनु भयो । सन् १९४० को संघ शिक्षा वर्गमा अन्तिम भाषणमा डा.ले भन्नु भयो म विरामी छु, त्यसकारण तपाईको सेवा गर्न सकिन मलाई क्षमा गर्नु होस। नागपुरमा ठेंगडीजीलाई ओछ्यानमा पूजनीय श्री गुरुजीले कयौं दिनसम्म ओछ्यान उठाउँनु भयो। दीनदयाल जी सँग नजिकै नागपुर देखि कार्यकर्ताहरु आफ्नो कुरा राख्न गए। पार्टी कार्यकर्ताहरुले थाहा पाए कि कुनै चुनाव नलडीकन प.दीनदयाल जी तीनसय चुनावी क्षेत्रको काममा दिनरात लागि रहनु भएको छ। त्यो थाहा पाएर आफ्नो असंतोष व्यक्त नगरी नागपुर फर्किए ।

आफ्नो अहमताको भारी अर्को माथि नथोपर्नु यो पनि नेतृत्वको सुझ-बुझपूर्ण लक्षण मानिन्छ ।"लाओ त्से चीनका महान दार्शनिक भन्दथे-विनम्र वाणी द्वारा शीर्षस्थ मानिसहरुले आफूलाई तलै राख्नु पर्छ। जो मानिसहरुका अगुवा बन्दछन, उसले पछि-पछि हिड्नु पर्छ । जो मानिसहरुको अगुवा बन्छ त्यसलाई पछाडि हिड्नुपर्छ । समुद्र विशाल हुनाले नै महान कहलाउँछ । कयौं नदीहरु उसमा समाहित भएका हुन्छन, त्यसको कुनै गन्ती छैन। समुन्द्रको विशालपनको बोझ ती माथि पर्दैन। जीझसले आफ्नो अन्तिम दिनको भोजनको लागि आएका शिष्यहरुको खुट्टा आफ्नो हातले धुनुभयो ।

श्री भगवान विष्णु त्रीलोकलाई धारण गर्नुहुन्छ । तर सम्मानको अपेक्षा नगरी अरुलाई सम्मान दिनु हुन्छ । यसकारण वहाँ सम्मानित हुनुहुन्छ । यस्तो वर्णन आउँछ ।

### अहंकार र ध्येयनिष्ठा

व्यक्तिगत अहंकार र ध्येयनिष्ठाको आदर्श दुबै एकसाथ हृदयको सिहांसन माथि बस्न सक्दैन । एकवृत्तमा यी दुबैको रंग भर्नु पर्छ । एक धेरै हुन्छ त अर्को त्यत्ति नै मात्रामा कम । जहाँ अहंकार हुन्छ, त्यहाँ ईश्वर हुँदैनन् । यस्ता कार्यकर्ता आफ्नो

कार्यमा व्यस्त रहनाले कुनै लालच, सुविधाले आफ्नो कामबाट विमुख पार्न सक्दैन । बादशाह अकबरले सन्त कुम्भनदासलाई उनको सम्मानको लागि राजधानी सीकरीमा बोलाए । संतले भने कि त्यहाँ आएर के को लाभ हुन्छ र ? आउँदा जाँदा चप्पल भाचिएला अनि भगवानको नाम पति छुट्ला । जब छत्रपति शिवाजीले संत तुकाराम लाई लिन पालकी पठाए तब उनले भने-केवल हिड्नाले बेकार कष्ट हुन्छ । आएर के गर्नु ? विख्यात यूनानी दार्शनिक डायजेनिसले बादशाह सिकन्दरसँग भने कि यदि तपाई मेरो निम्ति केही गर्न सक्नु हुन्छ भने यति गरि दिनुस कि यहाँबाट हटि दिनुस तब मेरो सूर्यस्नान हुन सक्छ । अन्यथा तपाई मलाई के दिन सक्नुहुन्छ ?

यस्तो आदर्शवादी नेतृत्व भयो भने त्यसको प्रभाव साथै रहने कार्यकर्ता एवं उनीहरुको कार्यक्षेत्रमा पनि पर्दछ । केवल भाषण सुन्नाले या ठुला सिद्धान्तको जानकारी हुनाले संस्कार बस्दैन । संस्कार बन्दछ आदर्शवादी जीवनको उदाहरणद्वारा संस्कार को उदाहरण हेरेर ।

अल्बर्ट श्वाईत्सरले आफ्नो पुस्तकमा लेख्दछन कि यही कुराले प्रभाव पार्दछ । व्यक्तिगत सम्पर्कबाट नै कार्यकर्ताहरुको विकास गुणवत्ता, बढ्नु फेरि उसको उत्साह, विचार, ज्ञान, तत्वज्ञानको दर्शन दिएर सक्षम बनाउँनु पर्छ । त्यसपछि उसमा ध्येय संकल्प प्रति अडिग श्रद्धा निर्माण गर्नु र अगाडी बढेर त्यसमा नेतृत्वको गुणवत्ता तथा धारणा पैदा होस आदिको प्रयास नेतृत्वगर्ने कार्यकर्ताहरुले गर्न सक्दछन ।

## दुई पाईला अगाडी

नेतृत्वको सिद्धान्तहरुबाट अगाडी बढेर नेता सँग व्यक्तिगत सम्पर्क मधुर, घनिष्ठ तथा व्यापक भएमा पानीमा पैदा भइ रह्यो त मानिसहरु तयसको ध्येय संकल्पसित जुट्न जान्छन । लहर पर-परसम्म फैलिन्छ । यस्तो प्रभाव आउछ । तर किनारा सम्म पुग्दा पुग्दै पानीको लहर क्षीण हुन्छ । यसले केन्द्र जति बलशाली,जोशिलो रहन्छ उति नै प्रवल लहरहरु निस्कन्छन, त्यसकारण नेतृत्व गर्ने कार्यकर्ताको संस्कार प्रवल तथा हित कर हुन आवश्यक छ । यस्ता कार्यकर्ताहरुको स्वयंको व्यक्तित्व कस्तो हुनु पर्दछ,कस्तो गुणवत्ताको विकास हुनुपर्छ, यसको उल्लेख

भएको छ। यसको साथै यस्ता सबै कार्यकर्ताहरुमा पुरा समाजप्रति प्रेम आत्मीयता हुनु जरुरी छ। प.पू गुरुजीले ठेंगडेजीसँग सोध्नु भयो कि-खानी मजदूरहरुको नेता बन्नु भएको छ त के मातृहृदयबाट तपाई उनीहरुलाई देख्नु हुन्छ। यस्तो आत्मीयता समाज प्रति हरेकले आफ्नो मनमा राखुन यो अपेक्षा  छ। एक बिरामी स्वयंसेवकसँग भेट्नको लागि डा.जी धेरै टाढासम्म जानु भयो। उहाँलाई सोधियो कि यति लामो बाटो किन हिड्नु भएको? डा.ले उत्तर दिनु भयो-फरक त हृदयमा  हुन्छ। समाजमा घुलमिल गरेर रहनु एवं गतिविधिको जानकारी कार्यकर्ताहरुबाट प्रत्यक्ष प्राप्त गर्नु यसबाट जनमानसको भावना थाहा हुन्छ। हामी सबैलाई साथमा लिएर कामगर्ने मानिस हौं। वास्तविकताको जानकारी नराख्ने धरहराको टुप्पोमा बसेको नेता झैं उपदेश गर्नु यो हाम्रो तरीका होइन। आफ्नो यो सामुहिक प्रयास हो। यसले सबैलाई साथमा लिएर कामगर्नु, स्वयं काममा मग्न रहनु तर अरुलाई अवसर दिनु तथा श्रेय पनि अरुलाई नै दिनु। प.पू डाक्टरजी भन्नु हुन्थ्यो-सबैलाई साथमा लिएर हिड्नु छ त। विस्तारै विस्तारै हिड्नु पर्छ। अरुबाट केवल दुई पाईला अगाडि। विगतसहीमा लोकमान्य तिलकको नेतृत्व रह्यो, उनी मानिसहरुको साथमा रहेर उहाले संगठन निर्माण गरे। आगरकर पनि विचारक थिए र अत्यन्त प्रगतिशील पनि रहे। मानौं समाज भन्दा ५० वर्ष अगाडी बढेका थिए। यसले संगठन बनाउन सकेनन। संत ज्ञानेश्वर लेख्नु हुन्छ कि परिपाटी चल्दै आएको छ त्यसै अनुरुप अगाडी बढ्नु र विश्वलाई दिशा निर्देश दिनु तर यस्तो गर्दा हामी कुनै अलौकिक शक्ति हौं यस्तो भाव मानिसहरुको मनमा नउब्जियोस। कोही धेरै ठुलो र श्रेष्ठ बन्न पुग्यो भने त मानिसहरु पुजागर्न शुरु गर्छन। तर साथमा हिड्नबाट अनकनाउँछन। यसैको साथ सबैको ठीक ख्याल राख्नु, साथमा जोडिएका सबै सम्बन्धित व्यक्ति आश्वस्थ रहनु कि तपाई उनीहरुलाई मान्यता दिई राख्नु भएको छ। सबै तर्फ तपाईको ध्यान पुग्नु पर्छ। कवि कालिदासले भगवान शंकरको विवाहको वर्णन गर्नुहुन्छ। महादेव कसरी आउनु भयो यो कुरा बताउँदै लेख्दछन। ब्रह्माजीको तर्फ शिर न्यूराउनु त्यसै वेला भगवान विष्णु सँग केही मन्त्रणा गर्नु भयो। र ईन्द्रतिर हेर्दै स्मित हास्य गर्नु भयो। बाँकी सबै देवताहरु तर्फ दृष्टिक्षेप गरेर सबैको सम्मान गर्नु भयो।

सावधान चित्तद्वारा धैर्यका साथ सबैको कुरा सुनेर उनीहरुको मनमा विश्वास उत्पन्न होस् यो हाम्रो प्रयास रहन्छ। केवल सहानुभूति देखाएर सुनि रहेको छ

यस्तो हुनु हुँदैन । उनीहरुको बीचमा मनको तार जोडिएको छ यस्तो प्रतीत हुनु पर्छ । साथमा आफ्नो वाणी माथि नियन्त्रण होस र कुराकानी सौम्य होस । भगवानको हजारौं हात हजारौं शिर छन् तर हृदय एक । आफ्नो विचारहरु माथि अडिग रहँदै पनि अभिव्यक्ति सौम्यता पूर्ण हुन सक्छ । पूजनीय श्री गुरुजी गोहत्या विरोधी सरकारी समितीमा काम गर्दै रहनु भयो । डा. अशोक मित्राले उहाँलाई नजिकबाट हेर्नु भयो उनको मनमा रहेको गलत धारणा समाप्त भयो । समितीमा एक वर्ष बिताए पछि श्री गुरुजीले बडो आत्मीयताका साथ डा.मित्रालाई सोधपुछ गर्नु भयो । आफ्नो विचार र श्रद्धाको बारेमा पूजनीय श्रीगुरुजीको मन आग्रही एवं दृढ थियो तर आफ्नो सहृदयी विनम्र र मधुर व्यवहार एक आदर्शको रुपमा उहाँले प्रस्तुत गर्नु भयो ।

सम्वादको उद्देश्य हुन्छ एक अर्कालाई बुझ्नु । तर यो काम केवल एक नजरमा पनि हुन सक्छ । जब मनसँग मन मिल्दछ तब सुसम्वाद रहन्छ नै । त्यसमा भाषाको के प्रयोजन ? दुई जना श्रेष्ठ विचारक साहित्यकार इमर्सन र कार्लाईल एक घण्टा सम्म साथै बसि रहे कुनै कुराकानी भएन तथा दुबै जना निस्कि हाले । दुबै जना प्रशन्न थिए । मानौं कि एक अर्कालाई देख्ने बित्तिकै सबैकुरा बुझे ।

सार्वजनिक कार्यमा सम्पर्क गर्दा बोल्नु नै पर्दछ र बोलीमा नियन्त्रण राख्नु धेरै कठिन कार्य हो । आवेशपूर्ण र तर्क दिएर कुरा गर्नाले सँगै बसेका व्यक्तिहरुले कुरा बुझी हाल्छन यस्तो कहाँ हुन्छ ? दादाराव परमार्थ भन्नु हुन्थ्यो कि यो प्रवृत्ती ठीक होइन आफ्नो कुरा राख्नु तर बहस नगर्नु । उहाँले भन्नु हुन्थ्यो कि पू डा.जी कहिलै पनि बहस गर्दै गरेको देखिएन । त्यही सम्वाद हितकारी हुन्छ, जसले विवाद मेटियोस यस्तो स्वामी रामदासले भन्नु हुन्थ्यो । नारद मुनि भन्नु हुन्छ-विवादमा नअल्झिनुस । तपाईको भनाई सही भए तै पनि र विवादमा तपाईलाई विजय पनि मिल्न सकोस । तर यो सबैको कारणले विवादित व्यक्ति टुटछन । नारद भन्नुहुन्छ-विवाद बढ्दछ नै नयाँ-नयाँ मुद्धाहरु आउँछन् र दिनरात विवाद गर्नुस् तैपनि त्यो समाप्त हुदैन ।

सार्वजनिक जीवनमा विभिन्न विषयमा मतभेद हुँदै नै रहन्छ । त्यसको अलगै श्रेणीहरु हुन्छन । हिन्दूहरुको कुनै विषय आयो भने भर्त्सना गर्नु यस्तो मत प्रदर्शन

केही थोरै व्यक्तिहरु गर्दै रहन्छन । यसको पछाडी त्यसको निहित स्वार्थ छ । आचार्य विनोबाजीको मतभेद प्रमाणित थिए । प.पू.श्री गुरुजी पछि उहाँको आखिरी प्रार्थनाको पत्र उहाँले देख्नु भयो त उहाँको आखामा आँसु आयो । केही व्यक्तिहरुको मूलप्रेरणा शुद्ध भएर पनि मतभेद बनी रहन्छ। युधिष्ठिर र भीम दुबै नै जुवामा हारेपछि दुःखी भए। तर दुबैको मूलप्रेरणा एउटै भएता पनि प्रवृत्ति फरक थियो। फेरी एकै घटनालाई व्यक्ति अलग-अलग ठाउँमा हुनुको कारणले आफ्नो नजरियाले हेर्ने गर्छन्। जस्तै कुनै विवाहमा जानेवाला व्यक्तिहरु राम्रो भोजन मिले पछि खुशी हुन्छन् । परिवारजनले कुल-रिती हेर्नेछन् । बुवाको इच्छा हुन्छ कि ज्वाई विद्वान होस । आमा सोच्नु हुन्छ कि केटा पक्षको आर्थिक पक्ष राम्रो होस । तर केटीले सोंच्दछे कि मिल्नेवाला पति सुस्वरुप होस । यस्तो एउटै प्रसंगमा फरक फरक व्यक्तिहरुको फरक फरक प्रतिक्रियाहरु हुन्छन ।

त्यस्तै एक प्रेरणा भएता पनि मतभेद भैरहन्छ। त्यसको पनि कारण छ बास्तविकता तिर देख्ने हरेकको आफ्नो अलग दृष्टिकोण । घटनाको सत्यको जस्तो दर्शन हुन्छ त्यस्तै व्यक्तिले त्यसलाई बयान गर्दछ। त्यसको बयान पुरै सच वा यथार्थ हुन्छ भन्ने कुनै जरुरी हुँदैन । यस्तोमा सबैको बयान त्यसको नजरले सही भएको कारणले पनि फरक फरक हुन सक्छ।

कुनै विवादलाई हल गर्न गए। उहाँको कुरा सुनियो फैसला बतायो तर भिन्न पहलु दखिएकै होइन । यस्तोमा गलत फैसला हुन्छ यो स्वाभाविक नै छ। यसैले कुनै अस्थाई फैसला गर्नु जव पुरै जानकारी आयो भने त स्थाई फैसला सुनाउनु यही प्रक्रिया ठीक हुनेछ। विदेशी पश्चिमको तरीकाले देख्यो, सुन्यो र फैसला गर्‍यो यो तरिका हाम्रो लागि उपयुक्त छैन ।

जस्तै अरु व्यक्तिहरु आफ्नो समझबुझको आधारमा बोल्दछन तिनलाई सम्झनु पर्छ । त्यसै प्रकारले जब हामी कुनै कुरा राख्दछौं तब सुन्नेवाला पनि आफ्नो मानसिकता लिएर नै सुन्ने गर्छ। कसैले आफ्नो घरमा बनेको आफ्नो भोजनमा बनेको सब्जीको प्रसंसा गर्‍यो र सुन्नेवालाको मानसिकता उचित न भए तब उहाँलाई यस्तो लाग्दछ कि यसको मतलब बाँकी सबै भोजन खराब बनेको थियो। पत्नीले बनाएको पकौडा खाँदा खेरी होटलमा बनेको पकौडीको पतिले प्रसंसा गरे तब

यो सुनेर पत्नीको मनमा नराम्रो वा गलत भाव उत्पन्न हुन्छ। तीन भाईहरुको घरमा
सानो भाईको विवाह तय भयो। पाहुनाहरुले नयाँ बुहारीको सुन्दरताको तारिफ
गरे त ठुलो दाज्यू चिडिएर भने-के मेरी पत्नी नराम्री छे ? तात्पर्य यही कि
सुन्नेवालाको मानसिकता सु-संवादको अहम् कडी हो।

कुरा गर्ने समयमा हामी कहाँ कुरागरीरहेका छौं ? कसको अगाडी गर्दै छौं तथा कुन
ठाउँमा हामी छौं आदि सबै संतुलन देख्नु पर्छ। एक फोनमा गरमागरम बहस भयो
त तुरुन्तै आएको दोश्रो फोनमा कुरा गर्दा स्वाभाविक आवाज चर्को बन्न जान्छ।
यस्तै नै आफ्नो कुरा सुन्नेवाला कुनै दाश्रो विषयको प्रभावमा त छैन यो देख्नु पर्छ।
बैठकमा अनुपस्थित रहेका कार्यकर्तालाई धम्काए पछि थाहा हुन्छ कि त्यसको घरमा
कुनै दुःखद घटना भयो अथवा कोई लामो समय सम्म विरामी रहे। केहि व्यक्ति
समयलाई ध्यान दिदैनन्। आर्यघाट गएका व्यक्ति हाँसो मजाक गर्दै नजरमा
आउँछन् वा मंगल प्रसंगमा अशुभ दुःख दर्दको कुरा निकाल्दै रहन्छन्। केही
व्यक्तिहरुलाई आफ्नो नै कुरा सुनाउन मन पर्छ। अरु कसैले सुनुन् वा नसुनुन् उनी
सुरु भई हाल्छन्। अर्काले के भन्दै छ यो नसुनेर त्यसको कुरा बिचमै काटि दिने
यस्तो पनि बानी हुन्छ। निलम्बित कार्यकर्ताको निलम्बन फिर्ता लिनको लागि
तयार प्रबन्धन आफ्नो फैसला बदलिदिन्छन्। नेताको गाली भरिएको कुरा सुनेर।
यस्ता अतिभाषी व्यक्तिहरुको कयौं उदाहरणहरु मिल्दछन्।

जब हामी बुद्धिमान छौं यस भावले व्यक्तिमा अहंता भर्दछ, तब त्यसले अर्काको
विचारलाई सहजताले स्विकार गर्दैन। हामी जो भन्छौं त्यही सही र त्यही स्वीकार
गर्नेछौं तब उनि विचारहरुको स्वागत छ अन्यथा छैन। यस्ता व्यक्ति विवादमा
जित्न सक्छन तर यी प्रयासहरुबाट सामुन्ने वालाहरुलाई आफ्नो बनाउन सकिदैन
जब सही कुरालाई गलत तरिकाले व्यक्तिहरु लिन सक्छन यस्ता व्यक्तिहरुको
आफ्नो गतिविधिहरुमा गल्ती हुन सक्दछन। आखिरमा आफ्नो संगठन मानवी
संगठन हो। यसैले कार्यकर्ताको गल्ती प्रगतिको पहिलो चरण हो। जसले काम
गर्दछ, त्यसले गल्तिहरु पनि गर्दछ। विख्यात व्यवस्थापन गुरु शरु रांगणेकर
लेख्दछन कि गल्तिहरु नगर्नेवाला, एउटा मात्र बाटो छ नयाँ केही नगर्ने। थाँमस
पिटर्स लेख्छन कि-उपक्रमशीलतालाई अवसर दिनु, गल्तीहरुलाई जिम्मेवारी लिनु,

र गलतलाई गल्तिको बारेमा सम्झनु र यदि गल्ति स्वीकार छ र पछुतो भयो त अरु एक मौका दिनु यस्तै तरिकाबाट नै समुचित प्रयासलाई बढवा दिइन्छ। पाप गर्नाले जसलाई पछुतो भयो यस्तो एक महिलाको घरमा जिझस गए। सोधेपछि बताए कि मरीजको घरमा नै डाक्टर जान्छ। जिझसका एउटा शिष्य मार्क थिए। सभामा पत्थर बाजी भयो त डराएर भागे। घर गए पछि फेरी पछुतो भयो र पुनः जोडिए। क्षमायाचना पछि उहाँलाई अर्को अवसर मिल्यो सबैले भनेकि त्यो सत्प्रवृन्त हो र उहाँलाई पछुतो भएको छ। अगाडी गएर इसाई सन्तहरुमा मार्क श्रेष्ठ बने। जीवनमा कयौं पटक चिप्लदै लड्दै उठेर हिड्दै यस्तो व्यक्तिले आफ्नो बाटो तय गर्दछन।

संगठनमा अनुभव यो आउँछ कि गल्तीहरु गर्ने बाटोहरुमा अधिकतम व्यक्तिहरु जान्दैन कि गलत के हो र सही के हो ? अन्य स्थानबाट संस्कार लिएर आएका व्यक्तिहरुको आफ्नो रीति-नीति पद्धतिको पुरै जानकारी भयो त यस्तो गलत काम उनीहरु गर्न छोड्दिन्छन। संवादहीनताको कारणले पनि यस्ता गलतफामीहरु बन्दछन। यसलाई टारेर आफ्नो कामको महत्व र अलगपन त्यसलाई सम्झाई दिनु पर्छ। आफ्नो संगठनमा त्यो शुरुमा शरीरबाट र तान्त्रिकता पुरा गर्दै जोडिएको छ। यस्ता कार्यकर्ता आफ्नो पुराना संस्कार विचार धारणा समेत आएको हुन्छ। यसैले उदारताको व्यवहार राख्दै सैद्धान्तिक एवं मानसिक परिवर्तन त्यसमा आवोस तब हाम्रो कार्य बन्दछ।

भिन्न संगठनहरुका मानिसहरु सोध्छन् कि कार्यकर्ता निर्माणलाई लिएर यति धेरै आग्रह किन ? त्यो यसको लागि हो कि व्यक्तिको नाताले रही अलग मानसिकता र स्वभाव यिनको प्रभाव कार्यमा नहोस यसैले व्यक्ति निर्माणमा सबै पक्षहरुको चिन्ता गर्नु यसैबाट भन्दा कार्यको क्षेत्र स्वच्छ र स्वस्थ रहने छ।

कसैले यो भनोस कि म जस्तो छु त्यस्तै नै रहनेवाला छु। मेरो तपाईले सदुपयोग गर्नुहोस। म पावदान (म्याट) जस्तै हुं। कसैले भनोस कि म फटमुँही हुं र मेरो स्वभाव नै यस्तै छ। मेरो कारण यदि कार्यकर्ता रिसाउंछ हुन्छ भने त म त्यसलाई के गर्न सक्छु ? यो व्यवहार ठीक होइन। स्पष्टवक्ता पनको नशामा डुबिरहने कार्यकर्ताले यो सम्झन सक्दैनन कि त्यो पावदान होइन। केहि व्यक्ति सोंच्दछन कि

हामी यति पुराना भयौं, अब हामीमा के परिवर्तन आउला । यस्तो कमीहरु र सीमाहरुको बारेमा यदि यो मानियो भने पनि यो स्वभाव सुलभ छ । तै पनि संगठनको लागि स्वभाव विशेषमा परिवर्तन ल्याउनु नै पर्दछ । यो समझि लिनु पर्छ । आत्मविकास धेरै कठिन चीज हो । परिवर्तन गर्नु एवं त्यसलाई बनाइरहनु पनि मुश्किलै हुन्छ ।

अब केही उपलब्धी हातमा आयो तब कार्यकर्ता आफ्नै नै व्यक्तित्वको मोहमा फँसेर आत्मसन्तुष्टि बनिरहन्छ । आफूमाथि पनि लुब्ध हुन जान्छ । ग्रिक पुराणहरुमा नार्सिसस् नामको एउटा केटाको कहानी छ जो आफ्नै प्रतिबिम्बलाई देखेर आफैसँग प्रेम गरि बस्यो र दिवाना बनेर उसले आफ्नो ज्यान गुमायो । आफ्नो काम सहायक तत्वहरुले, सामूहिक प्रयासले र परिश्रमले सफल बन्दछ । सफलतामा वरिष्ठ कार्यकर्ताको मार्गदर्शन एवं समयको अनुकुलता सबैको सहयोग रहन्छ । यी सबैलाई उचित सम्मान दिंदै विनम्रताले यदि सफलतालाई स्विकार गरिएन तब अहम्भाव बढ्दछ। यस्तो अहम् बादी नेताको प्रकृतिलाई हावा भरेर व्यक्ति त्यसलाई दीवाना बनाइदिन्छन । यस्ता दुई अहम्भावी नजिक आयो त एक-एक एघारको सट्टा दशमलव एघार बन्दछन । किनकी सबैभन्दा पहिला उनिहरुको अहम दशमलव बनेर आउँदछ ।

यस्ता अहम भावी नेता नयाँ कार्यकर्ताहरु निर्माणको प्रक्रियामा पनि रुकावट गर्छन । नयाँ व्यक्ति जुट्दछ, काम गर्छ र अगाडी बढ्नेछ । तब नेताले सोच्दछ मेरै परेवा म सँग घुर-घुर गरी रहेको छ यो कसरी चल्दछ । त्यसको उपक्रमशीलतालाई प्रोत्साहन दिनुको सट्टा त्यसले सोच्दछ कि त्यसलाई अगाडि आउँन नदिने। यस्तोमा दोश्रो पंक्तीको नेतृत्व निर्माण हुन सक्दैन । जस्तै माझीले समुद्रको किनारामा आफ्नो खुला टोकरीमा गंगोटाहरुलाई समाएर हाल्छ तर त्यसलाई ढक्कनको जरुरत हुँदैन । किन कि कुनै गंगोटाले अर्कालाई उठ्न दिंदैन । खुट्टा तानेर बसाल्दछ । यस्तो भएमा कार्य समाप्त हुन्छ। डॉ.बाबा साहव अम्वेडकरलाई कार्यकर्ताले सोधेकि-कार्य निर्माण पछि केही कार्य बढ्दछ त केही समाप्त पनि हुन्छ। यसको कारण के हो ? बाबासाहबले जवाफ दिनुभयो कि जहाँ उपेक्षा रहन्छ त्यहाँ कार्य बढ्दछ ।

नयाँ काम सुरु हुन्छ, तब त्यसको उपहास हुन्छ। उपेक्षा हुन्छ, पछि विरोध पनि हुन्छ । त्यसकारणले पनि यदि कार्य उचाईमा पुग्यो तब त्यस समय आउने सफलताको श्रेय लिन होड मानिसहरुमा लाग्दछ। प्रमुख व्यक्तिहरुमा स्पर्धा हुन्छ, मोहवस हुन जान्छन्। यस्तो परिस्थितिमा काम घटेर समाप्त हुन्छ।

असफलताको कारण अर्काको टाउकोमा बाँध्नु र सफलताको श्रेय लिनु यस्तो प्रवृत्ति देखिन्छ। तर सही नेतृत्वले एक्लै श्रेय लिन सक्दैन। असफताको जिम्मेवारी लिदै धैर्यताको साथ उभिई रहन्छ। जब नेतृत्व गर्नेवाला कार्यकर्ता आदर्श बन्दछन् तब उनको गुणहरुको अनुकरण हुन्छ । तर तिनको बुराईको अनुकरण पनि गर्ने मानसिकता सानो कार्यकर्ताहरुमा बन्दछ। यस्तो जब अहकार संक्रमित हुन्छ तब टकराव अपरिहार्य बन्छ। आदरभाव एवं त्यसको साथ-साथ संगठन पनि समाप्त हुन्छ। अहंभावी नेता सोंच्दछ कि बाँकी व्यक्तिहरु समर्पित रहनेछ तब म आफ्नो व्यक्तित्व बनाइ लिंउ। हिसाब लाग्दछ कि कति त्यागको कति फल मिल्नेछ। कार्यकर्ता यसको पनि अनुकरण गरिलिन्छन् र आफ्नो घुपैठ वसाल्न थाल्दछन्। यस्तो परिस्थितिमा व्यक्ति ठूलो बन्दछ र संगठन सानो। चङ्गा जस्तै उँचो आकाशमा उड्दै गरेको देखापर्छन् र संगठनको दृष्टिमा जब आफ्नो अपेक्षा रहन्छ कि आफ्नो काम वृक्षको समान अग्लो होस्। जमीनमा त्यसको सम्वन्ध नटुटोस।

यस्तै सावधानीको विपुलतावाट पनि स्खलन आउंदछ। पहिला कष्ट भोल्दै काम गरियो पछि स्थान बन्यो, संसाधन बन्यो अब त्यो सादगीले भरीएको बानी छुन गयो। स्खलन आयो। यस्तो केवल फिल्समा हुँदैन। सच्चाई पनि यही हो। यसैले सबैले सोच्नु पर्दछ कि यि साधन सुविधाहरु रहँदै कयौं आफ्ना पुराना सादगी भरिएका बानी व्यहोरा त छुटेनन्? के अब हामीलाई कुनै आम कार्यकर्ताको घर मा रहन संकोच हुन्छ? बामपन्थी नेता ए.के गोपालनले आफ्नो चरित्रमा लेखेकि सांसद बनेर दिल्लीमा पुगेपछि अब मजदुरहरुको घरमा जान हिचकिचाहट हुन थाल्यो। कुनै बामपन्थी एक दलको यो भनाई पनि थियो कि संसदीय प्रणालीमा र हँदै हाम्रो क्रान्तिवादी विचार नरम हुन थाल्दछ। कुनै पनि समस्याहरुलाई उल्लंघन गरेर पहिला हामी आफ्नो कार्यलाई पार गर्दथ्यौं। अब साधनको विना काम गर्न असजिलो लाग्दछ। कार/स्कुटर जस्ता साधन बिग्रीएत बैठकमा जादैन। ठूला

कार्यक्रममा जानु छ र राम्रा कपडाहरु मिलेनन् भने इज्जत हुँदैन । यस्तो सोँच ठीक छैन । के हाम्रो इज्जत पहिरनमा निर्भर छ ?

फ्रान्सको राजा चौदहवे लुईले सबै सरदारहरुको लागि महल बनाई दिए र सबैलाई अय्यासी बनाए, फ्रान्सको क्रर्तृत्व समाप्त भयो । इटलीमा पनि १९ वी सदीको सरदार यस्तै नै बने । गान्धि जीले भन्नु भयो कि विधी मंडलमा जानु हुँदैन । हाम्रो आन्दोलन क्षमता समाप्त हुने छ तर मानेनन् र त्यही भयो । सर्वोदयी व्यक्तिहरुले स्वतन्त्रता पछि मानसिकता बदले । सरकारसँग पैसा लिने, सुविधा लिन शुरु गरे र आन्दोलन कमजोर हुँदै गयो । कार्यकर्ताको कर्मठता समाप्त भयो । मध्य प्रदेशका मुख्यमन्त्री डी.पी.मिश्रा भन्दै रहे कि कसैलाई समाप्त गर्नु छ त उसलाई धेरै उँचो पद दिइ दिनुस । क्षमता नभएको कारण त्यो आफै खस्ने छ । संघमा पावन्दी लगाएर नेहरुले संघलाई बढाउँने काम गरे यस्तो उहाँ भन्ने गर्नु हुन्थ्यो ।

पावन्दी लगाएर जुन संघ वाला थिएनन उनी पनि संघवाला बने र संघ बढ्यो । मिश्र जीले भन्नु भयो कि कुनै पनि संस्थालाई नष्ट गर्ने मनोवैज्ञानिक बाटो छ । त्यहाँ कम्फर्ट लिव्हिंश केडर र स्टेटस कॉन्शस लीटर निर्माण गराउ । त्यो संस्थान आफ से आफ नष्ट हुने छ । त्यसको लागि छुट्टै प्रयास गर्न जरुरी छैन ।

जुन कार्यकर्ता संगठनमा आफ्नो पोजिशन बनाई राख्ने प्रयास गर्दछन । त्यसै मध्य देखि केही व्यक्ति निजि स्वार्थ को लागि संगठनमा जुट्न थान्छन् एवं बलको उपयोग अर्कोलाई पीडा दिनको लागि गर्नथाल्छन् । यसै प्रकारले यस्ता दुष्प्रवृत्तिको व्यक्ति संगठनसँग जोडिन्छन । त्यस्तो म कुनैपनि व्यक्ति सय प्रतिशत राम्रा वा नराम्रा हुँदैन, प्याज करेला जस्तै जन्मजात दुष्प्रवृत्ति थोरै हुन्छन । यस्ता व्यक्तिमा असाधारण कृतत्व हुन्छ । उनी व्यक्तिवादी एवं महत्वकांक्षी हुन्छन । सात्विक कार्यकर्ता संकोची हुन्छन । जवरजस्ती अगाडी बढ्दैनन, प्रसिद्धिमा पनि पछाडी र हन्छन । योजना गर्नेवाला सोँच्दछन कि यस्ता दुष्ट व्यक्तिको उपयोग गरेर पछि तिनलाई हटाई दिने । यो सोँच गलत हो । यो मोह प्रारम्भ देखि नै निग्रहपूर्वक टाल्नु पर्दछ । यस्ता कुनै व्यक्ति पछि ध्यानमा आए भने पनि त्यसलाई तुरुन्त मुक्त गर्नु पर्दछ । किन कि उहाँलाई त्यहाँ रहनु पनि संगठनलाई बर्बाद पार्नु हो ।

जहाँ काम विविध क्षेत्रमा गर्नु छ त्यहाँ त कार्यकर्ताहरुलाई दूषित वायु मंडलमा चौविसै घण्टा रहनु पर्दछ। राष्ट्र निर्माणको काममा उपलब्ध सफा सुग्घर संस्कारित वायुमंडल त्यहाँ रहँदैन। यस्तो मा काम गर्ने वालाहरुलाई धेरै सजगता अपनाउनु पर्दछ। पश्चिमी चिन्तक स्टीफन कोव्हले सवा सौं वर्षको समयमा भएका नेताहरुलाई पहिचाने र समय दुई भाग बनाए। सुरुमा आफ्ना मान्यताहरु एवं चरित्रलाई सम्हाल्ने प्रयास गर्दै ठूला भए, नेताहरुले उनीसँग मिले। अहिलेका केही बर्षका नेताहरुले ठूलो आफूलाई कसरी देखाउँछन, यसको प्रदर्शन उहाँले देख्नु भयो। निरीक्षण पछि स्टिफन भन्दथे कि यस्तो दिखावा टिकने बाला हुँदैन। आज समाजको विभिन्न क्षेत्रहरुमा ठूलो बनेर देखाउँने होडबाजी लागेको छ। यस्तोमा आफ्ना कार्यकर्ता आफ्नो मान्यताहरु र चरित्रलाई आधार बनाए। यसको लागि बेंजामिन फ्रंकलिनको आत्म चरित्र एक आदर्श उदाहरणको रुपमा आज उपलब्ध छ। राम्रो छवि बनाउँनुको कारण यही हुन्छ कि असली अनुहार त्यति राम्रो हुँदैन। यस्तो प्रयासमा संगठनको नुक्सान हुन्छ। मुक्त, समतायुक्त परिवारिक वायुमंडल त्यहाँ सम्भव छैन। संगठनको कार्यपद्धति सामन्तवादी बन्दछ। संगठनमा दोश्रो पंक्तिको अभाव पैदा हुन्छ। संगठनको लागि दीर्घकालिन हितको आधार सामूहिक नेतृत्व नष्ट हुन्छ। जसको जीवनको मूल्य त्याग छ त्यो कार्यकर्ता हो र जसले यस कार्य लाई जीवन निर्वाहको साधन मानोस र जसको लागि यो जीवन कार्य होइन, त्यो कर्मचारी मानिएको छ कार्यकर्ता होइन। अन्य अन्य क्षेत्रको काममा निर्वाहको लागि लाक्षणिक पारिश्रमिक नाताले केही जीविकाको जरुरतको पुरा गर्नेवाला मानदेय लिएर कार्यकर्ता काम गरि लिन्छन्। सम्झौताले खुसी भएर यस्ता कार्यकर्तालाई श्रमिक क्षेत्रमा मोटरकार प्राप्त हुन्छ त कार्यकर्ताले त्यसलाई परित्याग गर्दछ। किन कि त्यागपूर्ण जीवन त्यसको मूल्य हो। केही कार्यकर्ताहरुलाई आफ्नो जीवनको आवश्यकता आफैं मेटियोस। यस्तो स्थितिमा पारिश्रमिक लिनु पनि बन्द गरि दिन्छन। गृहस्थ धर्ममा रहेर पनि काममा एकाग्र रहन्छन। केवल आफ्नो क्षेत्रको होइन समग्र समाज सँग एकात्म भएर आफ्नो काममा एकाग्र रहन्छन्। छाला र हाड एकै ठाउंमा रहोस यति न्यूनतम आवश्यकता पूरा गर्दछौं। राष्ट्रवादको विचार जीवनमा चरितार्थ गरे पछि यस्ता व्यक्ति अन्य संगठनहरुमा पाइने गर्दछन। तर उनीहरुको तर्फ मातृ हृदयले देख्दै उनि पनि हाम्रा विजीगिषु

कार्यकर्ता नै हुन । केवल आजभोलि गलत आदतले अन्य संगठनहरुमा छ । यो भावना त्यसको प्रति आफ्नो कार्यकर्ताहरुको मनमा रहेछ । प्रश्न यो उठ्छ कि हामी आखिर अन्य क्षेत्रहरुमा किन गयौं । आफ्ना मनमा यो धारणा स्पष्ट छ कि विभिन्न क्षेत्रहरुमा ती क्षेत्रहरुको कार्यरचना संघको सिद्धान्त तथा आर्दशको प्रकाशमा नै हुनुपर्दछ । सस्तो लोकप्रियताको लागि आफ्नो मूल मान्यताहरुलाई दृष्टि देखि ओझल हुन दिनु हुँदैन । काम बढाउँनमा विलम्ब भएमा पनि चल्दछ तर गंगा गए गंगादास यस्तो स्थिति हाम्रो हुनु हुदैन । हामी दुनियाँ दारीको बजारमा यसैले छौ कि हाम्रो गन्तव्यको बाटो त्यही बाट जान्छ, हामीलाई जानु त्यही छ । क्षेत्रमा अल्भिनु हुदैन ।

यस्तो विपरित परिस्थितिमा कामगर्नेवाला कार्यकर्ताको मन र चिन्तन ठीक रहोस । व्यक्तिको स्खलन नहोस यसैले यस्ता कार्यकर्ताले आग्रहपूर्वक संघ शाखामा जानु पर्दछ । केवल चुनावको समय संघ शाखामा आउनेवाला स्वयंसेवकमा के संस्कार बचिरहेको होला ? कुनै भाँडो आठ दश वर्ष सफा नगरीयोस त कुनै संस्कार बनाई रहन सम्भव छ के ? सजगता र मानसिकता बनाउने दैनिक प्रयास केवल संघ शाखामा गएर नै ठीक हुन्छ । दीनदयाल जी भन्नु हुन्थ्यो-झण्डेवाला गएर त्यहाँ खाना खाएर दिमाख ठीक ठाउँमा’रहनेछ । ठेगडे जीलाई परम पू. श्री गुरु जीले भन्नु भयो-शेड्युल कास्ट फेडेरेशनको ठुलो नेता तिमी बनेका छौ त दिनहु शाखामा कसरी जान सक्छौ ? फेरी अनुरोधमा भन्नु भयो कि म पनि सरसंघचालक हुँ । चौबिस घण्टा त्यही काम गर्दछु म मा पनि शाखा जानलाई जरुरी किन छ ? यो घटना नै आफैं सबै तथ्यलाई उजागर गर्दछ ।

### कल्पवृक्ष

आफ्नो सिद्धान्तको शक्ति जीवन मूल्य र व्यवहार सूत्रहरुको शक्ति हामीलाई संगठनद्वारा नै प्राप्त हुन्छ । यसैले आफ्नो संगठन कल्पवृक्ष जस्तै छ । यस शक्तिको उपयोग स्वार्थलाई बढावा दिनको लागि गरिन्छ त संगठनको निजी शक्ति पनि कम हुन्छ एवं हाम्रो गलत व्यवहारहरुको नराम्रो असर पनि संठगनमा हुन्छ । यसैले कल्पवृक्षसँग प्राप्त मूल्यको उपयोग सजगतावाट नै गर्नु पर्दछ । आश्रममा कल्पवृक्ष रुखको मुनी बसेर राजाले आफ्नो हरायेको राज्य पाए । फेरी ऋषिहरुसँग

सोध्नु भयो कि यस्तो कल्पवृक्ष आश्रममा लगाएर तपाई बलजफ्ती यो दुःखी जीवन किन व्यतित गरिरहनु भएको छ ? ऋषिहरुले भने कि जबसम्म हामी उनीसित केही माग्दैनौ तबसम्म व्यक्तिहरुको कामनाहरु त्यो पुरा गर्ने छ। जब हामी माग्न शुरु गर्छौ तब उसको शक्ति क्षीण भएर जान्छ।

अब यस्तो कल्पवृक्ष जस्तै संगठनको सानिध्यमा रहेर त्यसको लाभ नलिइकन केवल लंगोटि लगाएर आफ्नो साधनामा मग्न रहनु यो पागलपन होइन त के हो ? यो पागलहरुको संगठन हो। डां.जीले यो कारखाना शुरु गरे। यो देशमा सबै भन्दा ठूलो कारखाना हो। यहाँ जति राम्रा पागलपनको माल तैयार हुन्छ अरु कहीं हुदैन।

## ईश्वरीय कार्य

पछिल्लो आठ दशकहरुमा जसले रगत पसिना सिंचेर यसलाई बढाए त्यस मध्येबाट एक-एक गरेर धेरै जस्तो परम धाम गए। हामी कार्यकर्ताहरुको जिम्मेवारी यसैले आज बढी छ तर चुनौतिहरु पनि बढीरहेका छन्। आफ्नो दृढ विश्वास छ कि यो ईश्वरीय कार्य कुनै पनि वायुमंडलमा सफल भएर रहन्छ।

पू.डां. ज्यू पू.गुरुजी जस्ता हिमाल सदृश्य आदर्श हाम्रो सामुन्ने छ। स्वयंको कतृत्वबाट पालन पोषण गरेको दल यदि भ्रष्ट भयो त त्यसको प्रति निर्मम भाव राख्नको तत्वनिष्ठा देखिन्छ त त्यसको साथ फेरी नयाँ प्रारम्भ गर्ने हिम्मत पनि देखिन्छ। पं. दीनदयाल जी, प.पू श्री गुरु जी उहाँहरुको जीवनमा यस्तो प्रसंग आयो।

## कसको कसौटी ?

यदि धेरै दशक काम गरेपछि अब आफ्नो काम आलोचनाको विषय रहेन। विल्यम बार्सली नामको लेखकले लेखे कि पेरीसमा लागेको चित्र प्रदर्शनीमा अप्रतिम अनमोल र निरंतर सुन्दरताको कलाकृतिहरु राखेको थियो। एक समीक्षकले भन्यो- के यस प्रदर्शनीमा मलाई कुनै खास प्रतिभा देखिदैन। प्रदर्शनी वाले सेवकले समीक्षक सँग भने कि चित्र प्रदर्शनी अब ख्यातकीर्त छ। उसको होइन तपाईको परीक्षणको योग्यता कसौटीमाथि छ। त्यसै प्रकारले अब संघको कसौटी होइन, तर

संघको विषयमा बोल्ने वालाको कसौटी छ। संगठन दृढ राख्नका लागि आफुसित पास सरल उपाय छ। कार्यकर्ताको चिन्ता गरे पछि बाँकी चिन्ता आफैं मेटिन्छ।

## विजय नै विजय

तिलक र गान्धीजीको परम्पराहरु उनी पछि दुर्वल भए। यस पृष्ठभूमिमा पू. डॉ. जीको संघकार्य अभूतपूर्व छ। उहाँले निर्माण गरेको शाखा पद्धति आफ्नो संजिवनी मंत्र पनि हो। र यो पाशुपतास्त्र पनि हो। परम वैभवको श्रेष्ठतम राष्ट्रिय आकांक्षाहरुको पूर्ति गर्नेवाला राष्ट्रिय कल्पवृक्ष संघ र उसको प्रक्रियाबाट निर्माण भयो समर्पित कार्यकर्ता यो विजोड छ। यस्ता देव दुर्लभ कार्यकर्ताहरुको आधारमा कार्य बढ्दै गएको छ र बढी रहने छ। पूज्य डॉ. साहबलाई सोधियो कि श्रेष्ठपुरुषको चरित्र लेख्नु छ आफ्नो बायोडाटा दिनुहोस। डॉ साहबले भन्नु भयो -मेरो व्यक्तिगत जीवन केही पनि छैन जुन चरित्र छ त्यो संघको हो। वामपंथी सांसद बालचन्द मेननले एक पटक चर्चामा ठेंगडी जीसँग भन्नु भयो कि भविष्यकालमा जसको कार्यको छायाँ जति टाढा फैलिदैं जान्छ त्यत्ति नै त्यसैको कद अग्लो हुनेछ। कद नाप्ने कसौटी छ यस्तो उँचाई। वर्तमानकालका महान ऋषि पू. श्री गुरुजी जीवित यात्राको अन्तिम चरणमा अप्रैल १९७३ को शब्द थियो अब त यस पछि विजय नै विजय छ। आफुकहाँ भन्ने गरिन्छ कि आद्य ऋषिहरुको शब्दहरुको अनुगमन त्यसको अर्थ गर्दछ। यस प्रेरणा श्रोतको सजिवक चेतना लिएर हामी अगाडी बढ्ने छौ र राष्ट्रलाई परम वैभव तिर लिएर जानमा हाम्रा कार्यकर्ता सफल हुनेछ, बढ्नेछ यो हाम्रो विश्वास छ।

*इति शुभम्*